# माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता

शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह दोस्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन
विशिष्टीकरण विषयको आंशिक आवश्यकता पुरा
गर्नको लागि प्रस्तुत
शोधपत्र


शोधकर्ता :
रिमबहादुर डाँगी
परीक्षा रोल नं. २८००७८/०६५
त्रि.वि.दर्ता नं. १९२६३-९०

त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं



२०६८

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आवश्यकता परिपूर्तिको लागि छात्र **रिमबहादुर डाँगी**ले **"माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता"** मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । उहाँको यस शोधपत्र लेखनप्रति म सन्तुष्ट भएकोले आवश्यक मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

**प्रा.डा. तीर्थराज पराजुली**

मितिः २०६८/०८/१९ शोधनिर्देशक

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आवश्यकता परिपूर्तिको लागि **"माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता"** शीर्षकमा **रिमबहादुर डाँगी**द्वारा तयार पारि आवश्यक मूल्याङ्कनका लागि यस मूल्याङ्कन समितिमा पेश गर्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

**मल्याङकन समिति** **हस्ताक्षर**

**प्रा. स्वयम प्रकाश ज.ब.रा.** ......................................

विभाग प्रमुख

**प्रा.डा. तीर्थराज पराजुली** ...................................

शोधनिर्देशक

**उप.प्रा. विश्ववाला थापा** ...................................

बाह्य परीक्षक

मिति: २०६८/०८/२६

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, स्नातकोत्तर तह दोश्रो वर्ष, पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टीकरण विषयको आंशिक आवश्यकता पूरा गर्नको लागि **"माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता"** शीर्षकमा शोधपत्र लेख्ने कार्य सम्पन्न गरी प्रस्तुत गरेको छु ।

यस शोधपत्र अध्ययन कार्यको सुरुदेखि अन्त्यसम्म नियमित निर्देशन र महत्वपूर्ण सुझावहरु दिई पथ प्रदर्शन गर्नुहुने शोध निर्देशक प्रा.डा. तीर्थराज पराजुली ज्यूप्रति हृदयदेखि आभार प्रकट गर्दछु । त्यसै गरी पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभागका विभागीय प्रमुख प्राध्यापक स्वयं प्रकाश राणा ज्यूप्रति पनि हार्दिक आभार प्रकट गर्दछु । साथै उप-प्रा. किरणराम रञ्जितकार, उप-प्रा. शिवराज बडु, उप-प्रा. यशोधरा पन्त र उप-प्रा.विश्ववाला थापाज्यूप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस अध्ययनका लागि आवश्यक तथ्याङ्क सङ्कलन गर्ने क्रममा सहयोग पुऱ्याउने महेन्द्र उच्च मा.वि., होलेरी, अरनिको उच्च मा.वि., नुवागाउँ र भीमसेन मा.वि., दुबिडाँडा नमुना छनोटमा परेका ३ वटै विद्यालयका प्र.अ., शिक्षक, स्रोतव्यक्ति, विद्यार्थी र अभिभावक तथा सम्पूर्ण विद्यालय परिवारलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यसैगरी यस शोधपत्र तयार गर्दासम्म मलाई सदैव हरेक तवरबाट सहयोग पुऱ्याउनु हुने पिता झुप्पल डाँगीप्रति हृदयदेखि आभार प्रकट गर्दछु । त्यस्तै शोधपत्र लेखन कार्यमा कोठामा व्यस्त रहन सहज वातावरण बनाइदिने श्रीमती तुलसा रावत (डाँगी) छोरा गौरव डाँगी र छोरी गरिमा डाँगीलाई धन्यवाद दिन चाहन्छु ।

अन्तमा शोधपत्र टङ्कन गरी सहयोग पुऱ्याउने रेसुङ्गा कम्प्युटर सर्भिसलाई पनि धन्यवाद दिन चाहन्छु ।

रिमबहादुर डाँगी

# शोधसार

**“माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिता”** शीर्षक अध्ययन अनुसन्धान गरिएको थियो । अध्ययनको क्रममा माध्यमिक तह कक्षा ९ र १० को सामाजिज विषय शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको अवस्था पत्ता लगाउनु र शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिका पहिचान गर्नु जस्ता उद्देश्यहरु निर्धारण गरिएका थिए । शिक्षा मन्त्रालय, शिक्षा विभाग अर्न्तगत पाठ्यक्रम विकास केन्द्रले तयार पारेको शिक्षक निर्देशिका केन्द्रीय स्तरदेखि स्थानीय स्तरसम्म के-कसरी र कुन माध्यमबाट प्राप्त हुन सकेका छन् र कुन रुपले प्रयोग गरेका रहेछन् भन्ने कुरा सम्बन्धी अध्ययन गरिएको थियो । त्यसैगरी स्थानीय परिवेश अनुसार विद्यालयको पठन-पाठनमा शिक्षकहरुले मेलखुवाएर शिक्षण गरे नगरेको जानकारी प्राप्त गर्न यो अध्ययन कार्य गरिएको थियो ।

यो अध्ययन रोल्पा जिल्लाको दक्षिण भेगका ३ वटा गा.वि.स.हरु क्रमश झेनाम, नुवागाउँ र दुविडाँडाका एक-एकवटा सामूदायिक विद्यालय श्री महेन्द्र उच्च मा.वि., होलेरी, झेनाम (कक्षा ६-१२), श्री अरनीको उच्च मा.वि., नुवागाउँ (कक्षा १ -१२) र श्री भिमसेन मा.वि., दुविडाँडा (कक्षा १-१०) सम्म सञ्चालित विद्यालयलाई सुविधाजनक नमूना छनौट विधिको आधारमा छनौट गरिएको थियो । छनौटमा परेका विद्यालयका ३ जना प्र.अ., ३ जना समाजिक शिक्षा विषय शिक्षक र प्रत्येक विद्यालयका कक्षा ९ र १० बाट ६/६ छात्र र छात्रा गरी जम्मा ३६ जना उत्तरदाताको रुपमा छनौट गरिएको थियो । सुचना संकलन गर्न समूह निर्देशन, छलफल, प्रश्नावली, अर्न्तवार्ता जस्ता साधनहरुको प्रयोग गरिएको थियो । अध्ययनबाट कुनै पनि विद्यालय नयाँ पाठ्यपुस्तक अनुसारको शिक्षक निर्देशिका उपलब्ध भएको पाइएन । तर तीनवटा मध्ये २ वटामा मात्र पूरानो शिक्षक निर्देशिका उपलब्ध भएको पाइयो । यसरी पाठ्यक्रम विकास केन्द्रले समयमै शिक्षक निर्देशिका पठाउन नसकेको अवस्था देखियो ।

शिक्षक निर्देशिकाको प्रयोगको अवस्था अत्यन्तै कम देखियो । तीनवटा मध्ये दुईवटा विद्यालयले मात्र केही मात्रामा शिक्षक निर्देशिका प्रयोग गर्ने गरेको पाइयो ।  यसरी शिक्षक निर्देशिका कम प्रयोग गर्नुमा विभिन्न कारणहरु भएको प्रतिक्रिया प्राप्त भयो । जसमध्ये शिक्षक निर्देशिका विद्यालयमा प्राप्त नहुनु, प्राप्त भएका निर्देशिकाहरु शिक्षकहरुको लापर्वाहीका कारण प्रयोग नगर्नु, शिक्षकहरु पाठ्यपुस्तकका आधारमा मात्र शिक्षण गर्ने गर्नु,

शिक्षक निर्देशिका प्रयोग गरी पठाउदा शिक्षण कार्य प्रभावकारी हुन्छ भन्ने बारे प्र.अ. र शिक्षकहरुले चासो नदेखाएको अवस्था देखियो वा शिक्षक निर्देशिकाका आधारमा पाठयोजना बनाइ शिक्षण गर्न झन्झट हुने प्रतिक्रिया तीन मध्ये दुइ जना शिक्षकहरुकले प्रतिक्रिया दिएका थिए भने एक जना शिक्षकले प्रयोग गर्दा राम्रो हुने प्रतिक्रिया दिए ।

शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकाको अवस्था पहिचान सम्बन्धी अध्ययनमा प्र.अ., विषय शिक्षक, र विद्यार्थीहरुको जवाफ तथा प्रतिक्रिया अनुसार स्थानीय परिवेश अनुसारका सामाजिक पक्ष, आर्थिक पक्ष, भौगोलिक पक्ष, शैक्षिक पक्ष र धार्मिक तथा साँस्कृतिक पक्षका विभिन्न विषयवस्तुलाई सामाजिक विषयमा समेटिएको भए तापनि शिक्षक निर्देशिकाले निर्दिष्ट गरे अनुसार शिक्षणकार्य गरेको अवस्था पाइएन । पाठ्यपुस्तकका धेरै जसो एकाइहरुमा राखिएका पाठहरु स्थानीय परिवेशसँग मिल्दा जुल्दा भए तापनि कतिपय पाठहरु जस्तै संविधान शीर्षकमा स्थानीय संविधानविद् तथा कानुन विदसँग छलफल गरी संवाद तयार गर भनेकोमा त्यस ठाउँको लागि सम्भव देखिएन । शिक्षक निर्देशिकाले निर्दिष्ट गरेका कुराहरु तथा क्रियाकलापहरुलाई शिक्षकहरुले विद्यार्थीहरुलाई गर्न लगाएको अवस्था कम पाइयो । स्थानीय परिवेशसँग  मेल खाने गरी १ जना विषय शिक्षकले विद्यार्थीहरुलाई शिक्षण गरेको पाइयो भने २ जना शिक्षकले पाठ्यपुस्तकमा भएका कुराहरु मात्र पढाएको र बाँकि समूदायमा गर्ने क्रियाकलाप विद्यार्थीहरुलाई नगराएको स्वयम् शिक्षक र विद्यार्थीबाट जानकारी प्राप्त भयो । शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता कायम गराउनका लागि विषय शिक्षक, प्र.अ. तथा विद्यार्थीहरुको समग्र धारणा अनुसार शिक्षकहरुलाई पूर्नताजगी तालिमको आवश्यकता, विद्यालयमा  सवै विषयका शिक्षक निर्देशिकाको उपलब्ध र प्रयोग, पाठ्यपुस्तकमा भएका विषय वस्तुलाई शिक्षक निर्देशकले स्थानीय ठाउँ विशेष अनुसार मिल्ने गरी क्रियाकलाप गर्न निर्दिष्ट गर्ने र शिक्षक निर्देशिकाले निर्दिष्ट गरे अनुसार विषय शिक्षकले पनि कार्यान्वयन गरेमा सान्दर्भिकता रहने विचार व्यक्त गरे ।

शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धमा गरिएको अध्ययनका आधारमा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता हुँदा हुँदै त्यसको प्राप्ति र प्रयोगको अवस्था अत्यन्त कम देखिएको र प्रयोग गरे पनि सहि रुपमा प्रयोग गरेको देखिएन । शिक्षण कार्यलाई प्रभावकारी बनाउन र तोकेको उद्देश्य पूरा गर्न शिक्षक निर्देशिकाले निर्दिष्ट गरेका सामुदायिक क्रियाकलाप शिक्षकले विद्यार्थीहरुलाई गराउनु पर्ने देखिन्छ । स्थानीय परिवेश

अनुसारका जीवनपद्दतिसँग मिल्दाजुल्दा क्रियाकलाप गर्न लगाई विद्यार्थीहरुलाई त्यस विषयको महत्व बढन जाने र ती वस्तुहरुको सही उपयोग हुन सक्ने देखियो । सामाजिक विषयमा उल्लेख भएका विषयवस्तुका बारेमा शिक्षकले विद्यार्थीहरुलाई बढी महत्वका साथ जोड दिई शिक्षण गर्नुपर्ने हुन्छ । नयाँ पाठ्यक्रम परिमार्जन भएअनुसार शिक्षक निर्देशिका तुरुन्तै तयार पारी विद्यालयमा पठाउनु पर्ने देखिन्छ । शिक्षक निर्देशिका विद्यालयले तथा शिक्षकले किन्नु पर्ने भन्दा राज्यले निशुल्क उपलब्ध गराएमा सर्वसुलभ हुने देखिन्छ । त्यसै गरी शिक्षकलाई पुर्नताजगी तालिम, विद्यालय व्यवस्थापन समितिलाई बढी जिम्मेवारी र जवाफदेही  बनाउनु पर्ने देखिन्छ । विद्यार्थीहरुलाई पढाईप्रति अभिप्रेरित गराउन शिक्षकले विद्यार्थीकेन्द्रित विधि अपनाई विषयवस्तु अनुसारका शैक्षिक सामाग्रीहरु प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ । सामाजिक विषय तथा शिक्षक निर्देशिका निदृष्ट गरेका विषयवस्तुलाई अध्ययन गराउँदा विद्यार्थीहरुलाई शैक्षिक भ्रमण तथा विभिन्न विषयवस्तुको अवलोकन गराएर शिक्षण गर्नुपर्ने देखियो । विद्यालयमा संचालनमा देखिने अस्तव्यस्तता जस्तै हडताल, बन्द जस्ता कार्यक्रम बन्द गराई शिक्षकलाई बढी जवाफदेहि बनाई शिक्षण कार्य गराउन सके शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोग तथा सान्दर्भिकताको अवस्थालाई प्रभावकारी बनाउन सकिन्छ ।

# विषयसूची

**पृष्ठ**


| | |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv-vi |
| विषयसूची | vii-viii |
| तालिका सूची | ix |
| **अध्याय एक : परिचय** | **१-९** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ६ |
| १.३ अध्ययनको औचित्य | ७ |
| १.४ अध्ययनको उद्देश्य : | ८ |
| १.५ शब्दावलीको परिभाषाः | ८ |
| १.६ अध्ययनको परिसिमा : | ९ |
| **अध्याय दुई : साहित्यको समीक्षा** | **१०-१४** |
| २.१ पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्वन्धमा गरिएका अध्ययनको समीक्षा | १० |
| २.२ आवधारणात्मक ढाँचा | १३ |
| **अध्याय तीन : अध्ययन विधि** | **१५-१८** |
| ३.१ अनुसन्धान ढाँचा | १५ |
| ३.२ नमुना छनोट प्रक्रिया | १६ |
| ३.२.१ विद्यालयको छनोट | १६ |
| ३.२.२ प्रधानाध्यापकको छनोट | १६ |
| ३.२.३ शिक्षकहरुको छनोट | १६ |
| ३.२.४ विद्यार्थीहरुको छनोट | १६ |
| ३.३ सूचना सङ्कलनका स्रोतहरु | १६ |

३.३.१ प्राथमिक स्रोत	१७

३.३.२ गौण स्रोतहरु	१७

३.४ सूचना सङ्कलनका साधनहरु र तिनको निर्माण	१७

३.४.१ शिक्षक खुल्ला प्रश्नावली	१७

३.४.२ प्र. अ. असंरचित अन्तर्वार्ता	१७

३.४.३ विद्यार्थी सामूहिक छलफल निर्देशिका	१७

३.४.४ कक्षा शिक्षण अवलोकन फाराम	१८

३.५ सूचना सङ्कलन विधि	१८

३.६ साधनहरुको वैधता निर्धारण	१८

३.७ सूचनाहरुको विश्लेषण तथा व्याख्या	१८

**अध्याय चार : अध्ययन क्षेत्रको परिचय	१९-२८**

४.१ भैगोलिक स्थिति	२०

४.२ सामाजिक स्थिति	२१

४.३ शैक्षिक स्थिति	२३

४.४ धार्मिक तथा सांस्कृतिक स्थिति	२५

४.५ आर्थिक स्थिति	२७

**अध्याय पाँच : सूचनाको विश्लेषण र व्याख्या	२९-४०**

५..१ शिक्षक निर्देशिकको प्राप्ति र प्रयोगको स्थिति	२७

५.२ शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको अवस्था	३५

**अध्याय छ : प्राप्ति, निष्कर्ष र सुझावहरु	४१-४९**

६.१ प्राप्ति	४१

६.२ निष्कर्ष	४५

६.३ सुझाव	४७

**सन्दर्भसामग्री	५०**

**अनुसूचीहरु	५१-६२**

# तालिका सूची

पृष्ठ

तालिका नं ४.१ : जातजातिगत विवरण २१

तालिका नं ४.२: यस क्षेत्रमा संलग्न संघ संस्थाको विवरण २२

तालिका नं ४.३ : महेन्द्र उच्च मा.वि. स्रोतकेन्द्र होलेरी २३

तालिका नं ४.४ : अरनीको उच्च मा.वि.को स्रोतकेन्द्र नुवागाउँ २४

तालिका नं ४.५ : समुदायको आर्थिक स्थिति २७

तालिका नं ५.१ : शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको स्थिति ३०

तालिका नं ५२ : सामाजिक शिक्षाप्रति विद्यार्थीको प्रतिक्रिया ३४

# अध्याय एक

# परिचय

## १.१ पृष्ठभूमि

प्राचिनकालिन शिक्षा मूलतः सामाजिक मूल्यमान्यता, रितिरिवाज र पारिवारिक शिक्षामा आधारित थियो । त्यस वेलाको शिक्षा अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा क्रमश अनुकरण र अनुभवका आधारमा हस्तान्तरण गरिन्थ्यो मानव सभ्यताको विकाससँगै शिक्षा सम्बन्धि अवधारणामा पनि  परिवर्तन भएको पाइन्छ ।

सामाजिक अध्ययन गहन विषय भएकोले यसको उत्पत्ति र विकास क्रमलाई केलाउन आवश्यक हुन्छ । सर्व प्रथम सामाजिक शिक्षाको स्वरुपको निर्धारण पश्चिमी राष्ट्र अमेरिकाले सन १९९२ मा गरेको पाइन्छ । समाजमा प्रत्येक वालकलाई एउटा असल नागरिक वनाउने ध्येय राखेर सामाजिक शिक्षाको पाठ्यक्रममा इतिहास, राजनितिशास्त्र, धर्मशास्त्र जस्ता विषयहरु समावेश गरिएका थिए । तर यी विषयहरुको क्षेत्र भित्र मात्रै सिमित नराखेर सन १९१६ मा अमेरिकाको शिक्षा आयोगले सामाजिक शिक्षा भन्ने छुट्टै शव्द राखी यसलाई जनसमक्ष प्रकाशमा ल्यायो । सामाजिक विषयको क्षेत्र विशाल एवं व्यापक भएको कारणले सन १९२१ मा फेरी एउटा राष्ट्रिय आयोगको गठन गरी अध्ययन गर्न थालियो । अमेरिका लगाएत अन्य पश्चिमी राष्ट्रहरुमा यस विषयको प्रचार प्रसार भयो । हरेक पश्चिमी राष्ट्रहरुले यसलाई पाठ्यक्रममा समावेश गर्न थाले । तर २० औ शताव्दी को मध्यसम्ममा पनि अफ्रिकी राष्ट्रहरुले यस विषयलाई पाठ्यक्रममा समावेश गरेका थिएनन । अतः सामाजिक शिक्षणको कार्यक्रमलाई सन १९६० पछि मात्र यसका कार्यक्रमहरु अगाडी वढाए । यसै उद्देश्यले सन १९६२ मा अमेरिकामा एउटा सामाजिक शिक्षाको सम्मेलन गरियो र व्यापक छलफल पछि मात्र यसले आफ्नो प्रतिवेदन पेश गऱ्यो । जस अनुसार सामाजिक शिक्षालाई एउटा छुट्टै रुपमा राख्ने टुङ्गो लगाइएको थियो ।

नेपालको परिप्रेक्ष्यमा एक शताव्दीभन्दा पहिले गुरुकुल तथा धार्मिक सँस्थाहरुमा परम्परागत शिक्षा प्रणालीको प्रभुत्व थियो । वि.सं. १९५९ सालमा प्रधानमन्त्री देव शम्सेरको पालामा सर्वसाधारण जनताको लागि साधारण शिक्षाको व्यवस्था गरिएको थियो । वि.सं. १९९६ सालमा शिक्षाको एक इस्तीहार जारी भयो ।  यसमा पनि सामाजिक शिक्षा भन्ने

विषय समावेश गरिएको थिएन । २००७ साल सम्म सामाजिक विषय भनेर पाठ्यक्रममा समावेश गरेको देखिदैन ।

नेपालमा सामाजिक शिक्षालाई पाठ्यक्रममा समावेश गराइने कार्यक्रम  राष्ट्रिय शिक्षा आयोग वि.सं. २०११ ले सिफारिस गऱ्यो । यसै अनुरुप प्राथमिक शिक्षामा  सामाजिक शिक्षाको विषयलाई वि.सं. २०१४ सालमा शिक्षा महाविद्यालयको पाठ्यक्रममा समावेश गरिएको थियो । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले शिफारिस गरे अनुसार सामाजिक शिक्षालाई अधिराज्यका विद्यालयमा लागू गरियो ।

वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतीकोयोजना लागु भयो । यस योजना अनुसार सामाजिक शिक्षा विषयलाई कक्षा १ देखि कक्षा १० सम्म समावेश गर्ने निर्णय गऱ्यो । सो अनुसार प्राथमिक तहमा २०% नि.मा.वि. तहमा १३% मा.वि. तहमा साधारण तर्फ १७% संस्कृतमा १०% व्यवसायिकमा १२% पाठ्यभार तोकी प्रा.वि. र नि.मा.वि. तहमा १०० पूर्णाङ्क र मा.वि. तर्फ भूगोल +इतिहास+ पञ्चायत गरि क्रमश १५० पूर्णाङ्क, ५० पूर्णाङ्क र १०० पूर्णाङ्क राखि पठन पाठन गरिने भयो । यस पाठ्यक्रमलाई पुन २०३८ सालमा संशोधन गरेपछि प्रा.वि. र नि.मा.वि. लाई यथावतै राखि मा.वि. तहमा विषयहरूमा थपघट गरि पूर्णाङ्कमा समेत परिवर्तन गरेर ४०० पूर्णाङ्क कायम गराएर पठन पाठन गरियो ।

विद्यालय स्तरकोपाठ्यक्रम वि. सं. २०५० मा उल्लेख भए अनुसार सामाजिक शिक्षाको पाठ्यभार र अकं विभाजन गरेको पाइन्छ । जसअनुसार प्राथमिक तहमा कक्षा १-३ सम्म पाठ्यभार ६ राखि पूर्णाङ्क १००, नि.मा.वि. तहमा पठ्यभार ५ राखि पूर्णाङ्क १०० राखिएको थियो भने मा.वि. तमहमा साधारण तर्फ ५ र संस्कृत तर्फ ३ पाठ्यभार राखि क्रमश १०० र ५० पूर्णाङ्क कायम गरि सामाजिक शिक्षाको पठन पाठन भएको पाइन्छ ।

हाल आएर प्राथमिक तहमा कक्षा १-५ सम्म मेरो सामाजिक अध्ययन तथा सिर्जनात्मक कला र नि.मा.वि. तथा मा.वि. तहमा सामाजिक अध्ययन विषय राखेर ५ पाठ्यभार तथा १०० पूर्णाङ्क को अनिवार्य विषयका रुपमा पठन पाठन भइरहेको छ ।

सामाजिक विषय एउटा गहन विषय भएकोले हरेक पक्षले यसको पहिचान गर्नुपर्दछ । मानिस सामाजिक प्राणी भएकाले उ समाज वाट वाहिर जान सक्दैन । समाजमा भएका अ आफ्ना मूल्य एवं मान्यता र आदर्शहरु सँग उसले अन्तर्क्रिया गरिरहन्छ । यस्ता पक्षहरुले व्यक्तिको व्यक्तित्वलाई ठूलो प्रभाव पारिरहेको हुन्छ । त्यसैले सामाजिक अध्ययनको

शिक्षा विना उ एउटा असल नागरिक वन्न सक्दैन । समाजमा एउटा असल नागरिक वन्नका लागि आफ्नो सम्पूर्ण वातावरण सँग समायोजन गरि अनुकुल किसिमको सम्वन्ध स्थापित गर्न सक्ने , वैज्ञानिक चिन्तन , राष्ट्रिय दृष्टिकोण राख्न सक्ने , तर्क शक्ति एवं सजिव जीवनयापन गर्न सक्ने क्षमताको विकास सामाजिक अध्ययनवाट गर्न सकिन्छ । त्यसैले हरेक वालकलाई यस्ताकुराको जानकारी गराउनु नै सामाजिक अध्ययन हो ।

राष्ट्रिय शिक्षा आयोग २०४९ र उच्चस्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ को प्रतिवेदनको सिफारिस अनुसार विद्यालय स्तरको पाठ्यपुस्तकलाई समयानुकुल वनाउने कार्य अनुरुप शिक्षक निर्देशिकाको आवश्यकता र महशुस गरिएको हो ।

कक्षाकोठा भित्र प्रभावकारी पाठ्यपुस्तकको अध्यापन गराई त्यसमा दिइएको क्रियाकलापहरु गराउन शिक्षकहरुलाई सहयोग पुगोस र राष्ट्रिय उद्देश्य अनुरुपको नागरिक तयार गर्न सकियोस भन्ने अभिप्रायले पाठ्यक्रम विकास केन्द्रद्धारा शिक्षक निर्देशिका तयार पारिएको छ । शिक्षक निर्देशिकामा पाठ्यक्रम र पाठ्यपुस्तकमा दिइएका विषय वस्तुको अध्यापन गराउदा अपनाउनु पर्ने विधि र तरिका सम्वन्धमा सकेसम्म स्पष्ट पार्न खोजिएको हुन्छ । शिक्षक निर्देशिकाले विषेश गरि विद्यार्थी केन्द्रित र क्रियाकलाप मूखि नविन विधिलाई अपनाइएको हुन्छ ।

पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्य परिपूर्ती गर्नका लागि पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी प्रयोग गर्न सघाउने महत्वपूर्ण शैक्षिक सामाग्री शिक्षक निर्देशिका हो । शिक्षक निर्देशिकालाई एक प्रकारको शिक्षकमित्र पनि भनिन्छ । शिक्षण कार्यलाई सरल, सहज र प्रभावकारी वनाउन शिक्षक निर्देशिका एक महत्वपूर्ण सामाग्री हो । यसले शिक्षामा आइपर्ने समस्या एवं कठिनाइ समाधान गर्न मार्ग निर्देशन गर्दछ ।

**सामाजिक शिक्षाको नयाँ पाठ्यक्रम**

माध्यमिक तह कक्षा ९ र १० को सामाजिक शिक्षाको पाठ्यक्रमको प्रमुख उद्देश्य आफुले प्राप्त गरेको सिकाई अनुभवहरुलाई समुदायमा प्रयोग गर्नु र रमाइलो वातावरणमा शिक्षण सिकाइका प्रक्रियाहरु पूरा गर्नु हो । त्यसै गरि यसले कुनै पनि चिजको खोजगर्ने प्रक्रियामा संलग्न गराई विद्यार्थीमा अन्वेषणात्मक प्रवृतिको विकाश गर्ने कुरामा जोड दिएको

छ । यिनै उद्देश्यको परिपूर्तिको निम्ती सामाजिक शिक्षा पाठ्यक्रमले निम्नलिखित कुरामा विशेष जोड दिएको छ ।

- समुदायको प्रयोग
- क्रियाकलापमा आधारित शिक्षण
- सिपको विकास
- शिक्षणमा विविधता मनोरन्जनपूर्ण सिकाई

Encyclopaedia of Education Research ले दिएको परिभाषा अनुसार "Social studies are those studies that provide understanding of man's way of living of the basic needs of man of the activities in which engage to meet his ned and of the institutions he has developed".

हाम्रो प्राथमिक शिक्षा पाठ्यक्रमको अनुसार "मानिसहरुले आफ्नो जिवनको मौलिक आवश्यकतालाई पूर्ति गर्न आफ्नो कार्यक्रम तथा वातावरणलाई मिलाउने तरिका सम्बन्धी अध्ययनलाई सामाजिक शिक्षा भनिन्छ ।" (रा.शि.आ. २०५०)

**शिक्षक निर्देशिका**

पाठ्यपुस्तकमा दिइएका विषयवस्तु अध्यापन गर्ने कार्यमा सवै ठाउ र विद्यालयका शिक्षकले सफलता प्राप्त गरुन भन्ने उद्देश्यले शिक्षण विधी सम्वन्धी निर्देशन को आवश्यकता पर्दछ । कुन विषयवस्तु कसरी शिक्षण गर्दा पाठ्यक्रमले तोकेको सिकाई उपलब्धी विद्यार्थीमा हासिल गराउन सकिन्छ भन्ने वारेमा सवै शिक्षकलाई उत्तिकैरुपमा जानकारी नहुन सक्छ । दैनिक शिक्षणमा शिक्षकलाई मद्दत गर्ने किसिमले कुन विषयवस्तु कसरी पढाउने, कस्तो कस्तो शैक्षिक सामाग्री प्रयोग गर्ने, कसरी विद्यर्थीको मूल्याङ्कन गर्ने भन्ने कुराको प्रत्येक पाठअनुसार को विवरण नै शिक्षक निर्देशिका हो ।

शिक्षक निर्देशिकाले एकै शैक्षिक सत्र भित्र अध्यापन गराउने विषयवस्तु, तिनको उद्देश्य, शैक्षिक सामाग्री, शिक्षण क्रियाकलाप, शिक्षण विधि, मूल्यांङ्कण प्रविधि आदी समावेश गराइएको हुन्छ । यस शिर्षक अनुसार नमुना प्रश्नहरु, आवश्यक घण्टी आदि दिइएको हुन्छ । यसले गर्दा शिक्षण कार्यमा शिक्षक अल्मलिनु पर्दैन र निश्चित तोकेको समयमा

पाठहरु अध्यापन गराउन सहज हुन्छ । यसरी यसमा शिक्षण सम्वधी मूख्य मूख्य कुराहरु समावेश हुनेभएकाले यसले शिक्षणलाई योजनावद्ध,उद्देश्यपूर्ण र व्यवहारिक वनाउन सहयोग पूऱ्याउछ । त्यस्तै शिक्षण कार्य समयमा निश्चित विषयवस्तुको अध्यापन गराउन सहज र सुगम हुन्छ । शिक्षक निर्देशिकाको समुचित प्रयोग गरी स्थानीय आवश्यकता र पाठको प्रकृति अनुसार अन्य शिक्षण विधि, स्थानीय श्रोत र सामाग्री आदीको प्रयोग गरि शिक्षण गर्न सकेमा यसको सहि सदुपयोग हुन्छ । समग्रमा भन्नुपर्दा शिक्षक निर्देशिकाको प्रयोग र सान्दर्भिकता निम्न कार्यमा गर्न सकिन्छ ।

- विभिन्न प्रकारका शिक्षण योजना निर्माण र प्रयोग गर्न ।
- विद्यर्थी केन्द्रित विधिको छनौट र प्रयोग गर्न ।
- उपयुक्त शिक्षण सामाग्रीको छनौट र प्रयोग गर्न ।
- निरन्त विद्यार्थी मूल्याङ्कण गर्न ।

शिक्षक निर्देशिकाले शिक्षकलाई निम्न कार्यमा मद्दत पूऱ्याउछ ।

- विषयवस्तुको पठनपाठन रोचक र प्रभावकारी ढंगमा अगाडी वढाउन मद्दत गर्दछ ।
- वार्षिक योजना , एकाई योजना र दैनिक पाठयोजना निर्माणमा सहयोग पुऱ्याउछ ।
- विद्यार्थीको स्तर अनुसार शिक्षणविधि छनौटमा मद्दत पुग्दछ ।
- विषयवस्तुको गहिराइ निर्धारण गर्न मद्दत गर्दछ ।
- कुनपाठमा कस्तो शैक्षिक सामाग्री कसरी प्रयोग गर्ने भन्ने कुरा स्पष्ट पार्छ ।
- कुन पाठ कुन शिक्षण विधिवाट शिक्षण गर्दा प्रभावकारी हुन सक्छ भन्ने विकल्प प्रदान गर्दछ ।
- शिक्षणकला शिर्जनशिल वनाउन मद्दत गर्दछ ।
- विद्यार्थीको स्तर अनुसार शिक्षणकार्यमा ल्याउनु पर्ने विधि वारे ज्ञान दिन्छ ।
- विद्यार्थी मूल्याङ्कणको मार्ग निर्दिष्ट गर्दछ ।

**शिक्षक निर्देशिकाको उद्देश्य :**

- शिक्षक शिक्षिकाहरुलाई नयांपाठ्यपुस्तक प्रभावकारी ढंग वाट अध्ययन अध्यापन गराउन सघाउन ।
- शिक्षण योजना तयार गर्न सहयोग पुऱ्याउन ।
- विषयवस्तु प्रति शिक्षकहरुको आत्मविश्वास वढाउन ।
- विद्यार्थीको शिकाइमा प्रभावकारीता ल्याउन ।
- पाठ्यक्रमका उद्देश्य हासिल गर्न ।

माध्यमिक तहको सामाजिक शिक्षा अध्यापन कार्यमा शिक्षक निर्देशिकाको प्रयोग माथि उल्लेखित वुँदाहरुवाट स्पष्ट हुन्छ कि शिक्षकले पाठ्यक्रम, पाठयपुस्तक र शिक्षक निर्देशिका सँगै राखेर शुरुदेखी अन्त्य सम्म अध्यापन गर्न आवश्यक छ । यसरी अध्यापन गर्दा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका विचमा रहेको समानजस्यता, असमानजस्यता पहिल्याउन सजिलो पर्दछ र फलदायी पनि हुन्छ ।

शिक्षक कक्षा कोठा जानु भन्दा पहिले आज कक्षामा विद्यार्थीहरुलाई के क्रियाकलाप गराउने हो र आफुले के गर्नेहो निर्णय गरेको हुनुपर्दछ । कुनै एकाइको पाठ पढाउदा के गर्न सकिन्छ र कस्ता प्रश्नहरु गर्नु पर्दछ भन्ने उल्लेख शिक्षक निर्देशिकामा गरिएको हुन्छ । त्यसैले पाठयोजना तयार गर्नका लागि पनि निर्देशिका सहायक सिद्ध हुन्छ । यसै गरी धेरै जसो शिक्षक निर्देशिका पुस्तिकामा मूल्याङ्कणको पनि केहि कुरा दिइएको हुन्छ । यसले गर्दा उक्त पाठ पढाइसकेपछि उद्देश्य प्राप्त भयो वा भएन जाच्ने साधन वनाउन अति सहायक सिद्ध हुन्छ जुन कुरा पाठयोजनाको एक प्रमूख अंग पनि हो ।

## १.२ समस्याको कथन

अनुसन्धाकार्य कुनै पनि समस्या भित्र केन्द्रीत रहेर गरिन्छ । माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको स्थिति कस्तो छ, शिक्षक निर्देशिका विद्यालयतह सम्म के कसरी र कुन माध्यमबाट प्राप्त भएका छन् वा हुनसकेका छैनन्, विद्यालयमा उपलब्ध भएका शिक्षक निर्देशिका प्रयोगमा आएको अवस्था के कस्तो छ ? केन्द्रियस्तरमा तयार पारिएका शिक्षक निर्देशिकाले स्थानीय परिवेश अनुकुल सामान्य

जस्ता कायम गर्न सकेको छ कि छैन ? शिक्षक निर्देशिकामा निर्दिष्ट गरेका कुराहरुलाई विषय शिक्षकले कक्षा शिक्षण गर्दा के कस्तो रुपले प्रयोग गर्दो रहेछ ? शिक्षक निर्देशिकाले स्थानीय परिवेशसँगका विभिन्न पक्षहरु मध्ये कुन कुन पक्षलाईसमेटेको र कुन कुन पक्षलाइृ नसमेटेको रहेछ भन्ने जस्ता समस्यामूलक प्रश्नहरुको जवाफ प्राप्त गर्न र ति समस्याहरुलाई कसरी समाधान गर्न सकिन्छ भन्ने समस्याहरुमा केन्द्रित रहेर यो अध्ययन गरिएको हो । विद्यालय स्तरको पठन पाठनलाइृ प्रभावकारी बनाइ तोकिएको उद्देश्य पूरा गर्ने अपेक्षा अनुरुप शिक्षक निर्देशिका तयार पारिएता पनि त्यसको स्थानीय स्तरको प्रभावकारीता र समयमै प्राप्त गर्न सकि प्रयोगगर्ने अवस्थामा कमि देखिएका कारण निम्नलिखित अनुशन्धानात्मक प्रश्नहरुमा केन्द्रितरहि अध्ययन गरिएको हो ।

- पाठ्यपुस्तक परिमार्जनका साथसाथै शिक्षक निर्देशिका तयरा भएका छन् ?
- विद्यालयमा शिक्षक निर्देशिकाको प्राप्तिको अवस्था कसे छ ?
- शिक्षक निर्देशिका कसरी र कसले उपलब्ध गराएको हो ?
- विषय शिक्षकले शिक्षक निर्देशिका प्रयोग गरेको अवस्था के छ ?
- शिक्षक निर्देशिकामा निर्दिष्ट गरेका कुराहरुलाई विषय शिक्षकले के कस्तो रुपले प्रयोग गर्दो रहेछ ?
- निर्देशिकामा स्थानीय सान्दर्भिकताका कुन कुन पक्षलाई कुन कुन पाठमा समेटेको छ र कुन पाठमा समेटेको छैन ?

## १.३ अध्ययनको औचित्य

हरेक क्षेत्रको अध्ययन अनुसन्धानका आ-आफ्नै औचित्य रहेको हन्छ । माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिका को स्थानीय सादर्भिकता शिर्षकमा गरिएको यस अध्ययन कार्यको पनि आफ्नै औचित्य रहेको थियो । माध्यमिक तहमा अध्यापन गरिने सामाजिक विषयले जिवनका हरेक पक्षसँग सम्बन्धीत हुने भएकाले विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा विषयशिक्षकले शिक्षक निर्देशिकामा निर्दिष्ट गरेका कुराहरुलाई कसरी शिक्षण गर्दा रहेछन् । शिक्षकनिर्देशिकाले स्थानीय परिवेशका कुन कुन पक्षलाई समेटेको रहेछ । शिक्षक निर्देशिका विद्यालय तहमा के कसरी उपलब्ध भएका छन् र तिनको प्रयोगको अवस्था कस्तो रहेछ भन्ने बारेमा अध्ययन अनुसन्धान गरी त्यसबाट पत्ता लागेका

समस्याहरुको समाधानका उपायहरु सम्बन्धीत निकाय तथा संघ संस्थाहरु र व्यक्तिलाई समेत सहयोग हुने देखिएकाले यस अध्ययनको निकै महत्व छ ।

सामाजिक विषयमा धेरै जसो पाठहरु क्रियाकलाप मूखि देखिन्छन् तर विद्यार्थीहरुलाई शिक्षक निर्देशिकामा उल्लेख गरिए अनुसारका क्रियाकलापहरु गराएको देखिदैन । धेरैजसो विषय शिक्षकहरले शिक्षक निर्देशिकाको प्रयोगविना पाठ्यपुस्तकका आधारमा शिक्षण गरेको र विद्यार्थीहरुले अपेक्षित उपलब्धी हासिल गर्न नसकेको अवस्थाले भविष्यमा अझ विकराल रुपलिने देखिएकाले यस शिर्षकमा अधययन गरिएको हो । कक्षा शिक्षणमा विषयशिक्षकले शिक्षक निर्देशिकाको प्रयोग गरेर शिक्षणकार्य गर्दा पाठ्यक्रम र पाठ्यपुस्तकले निर्धारण गरेका उद्देश्यहरु पूरा गर्न सहयोग मिल्ने छ । यसको प्रयोगले शिक्षकलाई पनि आफ्नो विषयवस्तुमा दक्ष, निपुण र योग्य बनाउछ । निर्धारित समयसिमाभित्र योजनावद्ध तरिकाले शिक्षण गरि विद्यार्थीको अपेक्षित व्यवहारमा परिवर्तन ल्याउन र समग्र शिक्षा प्रणालीमा सुधार ल्याउन यस अध्ययनले सहयोग गर्दछ । अध्ययनबाट प्राप्त भएको निर्ष्कषका आधारमा आवश्यक सुधार गर्न सम्बन्धीत विषय शिक्षक, प्र.अ. र निर्देशिका निमार्ण गर्ने निकायलाई सुझाव मिल्नुकासाथै भावि अध्ययनगर्ने पुस्ताहरुको लागि पनि सहयोग बन्न सक्ने अपेक्षा लिइएको छ ।

## १.४ अध्ययनको उद्देश्य :

यस अध्ययनका निम्न अनुसार उद्देश्यहरु रहेका छन्:

क. माध्यमक चतह सामाजिक विषय शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोगको अवस्था पत्ता लगाउनु ।

ख. माध्यमिक तहमा सामाीजक विषयको शिक्षकनिर्देशिकाको स्थानीय सान्दर्भिकता पहिचान गर्नु ।

## १.५ शब्दावलीको परिभाषाः

यो अधयसनमा प्रयोग गरिएका शब्दवलीहरुको परिभाषा निम्नानुसार गरिएको छः

**माध्यमिक तहः** यस अधययनमा माध्यमिक तह भन्नाले कक्षा ९ र १० लाई जनाउँछ ।

**सान्दर्भिकता** : यस अध्ययनमा सान्दर्भिकता भन्नाले सामाजिक विषय अर्न्तगत शिक्षक निर्देशिकाको स्थानीय परिवेशमा रहेका विभिन्न पक्षसँगको तादम्यता भनि बुझ्नु पर्दछ ।

## १.६ अध्ययनको परिसिमा :

यस अध्ययनको क्षेत्र वृहत भएपनि निश्चित सिमा भित्र रहेर अधययन गरिएको थियो ।

- यो अधययन रोल्पा जिल्लाको दक्षिण भेगमा रहेका ३ वटा गा.वि.स. झेनाम, नुवागाउँ र दुविडाँडा अन्तर्गतका ३ वटा सामूदायिक विद्यालयहरु महेन्द्र उच्च मा.वि. होलेरी, अरनीको उच्च मा.वि. नुवागाउँ र भिमसेन मा.वि., सैवाङ दुविडाँडालाई केन्द्रित बनाइएको थियो
- यो अध्ययन माध्यमिक तहको सामाजिक विषय अध्यापन गराउने विषय शिक्षकहरु, प्र.अ. र त्यसै विद्यालयमा अध्ययनरत कक्षा ९ र १० का छनौटमा परेका ३६ जना विद्यार्थीहरुमा आधारित भई अध्ययन गरिएको थियो ।
- यो अध्ययनमा शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोगको अवस्था र स्थानीय सान्दर्भिकताको अवस्था पहिचान गर्ने उद्देश्यमा केन्द्रित थियो ।
- यो अध्ययन कक्षा ९ र १० को सामाजिक विषय अर्न्तगतका विभिन्न इकाइ तथा पाठहरुसँग सम्बद्ध भई त्यसै अनुरुपको स्थानीय परिवेशका भौगोलिक, समाजिक, शैक्षिक धार्मिक तथा साँस्कृतिक र आर्थिक पक्षको अध्ययन, अवलोकन र छलफलमा आधारित थियो ।

# अध्याय दुई

# साहित्यको समीक्षा

कुनै पनि विषय वा शिर्षकका वारेमा अध्ययन, अनुशन्धान गर्नु पूर्व त्यस विषय सँग सम्वन्धीत सैद्धान्तिक ज्ञान तथा विषय वा शिर्षकको अध्ययनको वारेमा स्पष्ट दिशावोध हुनु पर्दछ । यसकालागि अध्ययनका विषयको संग सम्वन्धीत सैद्धान्तीक साहित्य तथा पूर्व अध्ययन अनुसन्धानहरुको विश्लेषण तथा समिक्षा गर्नुपर्दछ । यहाँ माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता शिर्षकमा अध्ययन अनुसन्धान गर्नु पूर्व यस विषय सँग सम्वन्धीत निम्नानुसारका सैद्धानतिक साहित्य तथा पूर्व अनुसन्धानहरुको समिक्षा तथा विश्लेषण गरिएको थियो । सामाजिक शिक्षा एक गहन विषय भएकोले हरेक पक्षले यसको पहिचान गर्नु पर्दछ । मानिस सामाजिक प्राणी भएकाले उसले गर्ने हरेक क्रियाकलाप सामाजिक अध्ययनको विषय वन्दछ । सामाजिक विषय र शिक्षक निर्देशिका अन्य विषय संग को घनिष्ट सम्वन्धका कारणले यसको अध्ययन समिक्षा विभिन्न श्रोतहरु साहित्य तथा रचनाहरु को आधारमा गरिएको हो ।

## २.१ पाठ्यपुस्तक र शिक्षक निर्देशिका सम्वन्धमा गरिएका अध्ययनको समीक्षा

अध्ययनलाई पूर्णता प्रदान गर्न यस विषय संग सम्वन्धीत साहित्यको अध्ययन गरिएको थियो । गौतम (२०६४) ले कक्षा ५ मा शिक्षक निर्देशिका को प्रयोग सम्वन्धी शिर्षकको शोध पत्रमा गरिएको अध्ययनले शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग को स्थिति पहिल्याउन त्यसका सवल पक्ष र दुर्वल पक्षको अध्ययन गरि कार्यन्वयन गर्न सूझाव दिइएको पाइन्छ उनको संकलित तथ्याङ्कलाई विश्लेषण गर्दा धेरै जसो विद्यालयमा शिक्षक निर्देशिका को प्रयोग नभएको देखाउछ ।

यसै गरि पौडेल यमुनाको (२०६५) कक्षा ७ को जनसंख्या तथा वातावरण शिक्षाको शिक्षक निर्देशिका सम्वन्धी शोध पत्रमा सैद्धान्तीक रुपमा राम्रो भएता पनि व्यवहारिक रुपमा प्रयोगको अवस्था सन्तोषजनक नभएको निष्कर्ष निकालेका थिए । भन्डारी हरेन्द्र बहादुर (२०६५) प्राथमिक तहको पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोगको अवस्था सम्वन्धी शोधपत्रमा शिक्षक निर्देशिका अनुसार शिक्षण गर्न उत्प्रेरित नभएको पाईन्छ । जसका कारण उनिहरुलाई शिक्षक निर्देशिकाको सम्वन्धमा थप जानकारी तथा

प्रशिक्षण प्रदान गर्नु पर्ने कुरा सूझाइएको छ । यसै गरि सिंह (२०६३) ले निम्न माध्यकि तहको जनसंख्या तथा वातावरण शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकको सान्दर्भिकता सम्वन्धी शिर्षकको शोध पत्रमा निम्नानुसार प्राप्ती गरेका थिए : संकलीत तथ्याङ्क लाई विश्लेषण गर्दा उद्देश्यहरु र विषय वस्तु विच सम्वन्ध देखिएको सन्दर्भ सामाग्रीहरु केहि विद्यालयले प्रयोग गर्ने गरेको शिक्षकहरुवाट वर्षभरी पढाएर नसकिने भएको, अभ्यासहरु थोरै भएको ,उदाहरणहरु प्रयाप्त भएको तर विद्यार्थीहरु लाई स्पष्ट पार्न नसकेको पाइएको छ ।

भण्डारी (२०६४) ले माध्यमिक विद्यालय को विज्ञान विषयमा प्रयोगात्मक पक्षको शिक्षण मूल्यांङ्कण शोध पत्रवाट प्राप्त निष्कर्ष अनुसार विज्ञान शिक्षाको प्रयोगात्मक पक्षको शिक्षण एवं मूल्याङ्कण तोके अनुसार नभएको पाइन्छ । विज्ञान शिक्षकहरुले पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टिकरण तालिकाको प्रयोगमा कमि भएको देखिन्छ । सवै विद्यालयमा प्रयोगशाला तथा सामाग्री नभएको देखिन्छ । प्रयोगात्मक पक्षको मूल्याङ्कण पनि विद्यालय विशिष्टिकरण तालिकाको आधारमा गर्ने गरेको  देखिएन । विज्ञान विषयलाई व्यवहारिक रुपमा ल्याउन नसकेको अवस्था रहेको  पाइयो ।

आधकारी विष्णु प्रसादका अनुसार निम्न माध्यमिक शिक्षा दर्शन (२०६२) मा शिक्षकले विद्यार्थीलाई कुन पाठ कसरी शिक्षण गर्ने , कुन शैक्षिक सामाग्री प्रयोग गर्ने र कसरी मूल्याङ्कण गर्ने भन्ने वारेमा स्पष्ट र सरल रुपमा निर्देशन दिएको पाइन्छ । यसै गरि एन. पि. थापा "शिक्षाशास्त्र र नेपालमा शिक्षा" (पेज नं. ३३९) नामक पुस्तकमा शिक्षण सिकाइलाई प्रभावकारी वनाउन पाठ्यक्रम मात्र प्रयाप्त हुदैन । हाम्रो जस्तो मुलुकमा पाठ्यक्रममा उल्लेख सवै कुराहरु शिक्षकहरुले वुझ्न सक्ने अवस्था पनि छैन त्यसैले शिक्षक निर्देशिका ले शिक्षकहरुलाई पाठ्यक्रम र पाठ्यपुस्तक विच पुलको सम्वन्ध स्थापित गर्ने र कक्षा शिक्षणमा सहयोग पूऱ्याउछ भनि उल्लेख गरेको पाइन्छ ।

गुरागाई ( २०५६) ले सामाजिक शिक्षा कक्षा ७ को पाठ्यक्रम तथा मूल्याङ्कण र परिक्षणको वारेमा अध्ययन गर्नुभएको छ । उहाले काठमाण्डौ जिल्ला, किर्तिपूर नगरपालिका भित्रका सार्वजनिक विद्यालयलाई अध्ययन को लागि लिनु भएको थियो । उहाले अध्ययनको उद्देश्य पुरा गर्नको लागि नमुना छनौट गरि तथ्याङ्क संकलन गर्नु भएको थियो । जसका लागि सामाजिक शिक्षा शिक्षण तथा शिक्षक निर्देशिका कार्यन्वयनका वारेमा थाहा पाउन सम्वन्धीत विषय शिक्षक, प्रधानाध्यपक र विद्यार्थीको धारणा संकलन गरी विश्लेषण गर्नु

भएको छ । उहाले आफ्नो अध्ययनको प्राप्तीका रुपमा विद्यालयमा तालिम प्राप्त शिक्षकको अभाव, विषयवस्तु अनुरुप शिक्षण सामाग्रीको आभाव, शिक्षक निर्देशिका जस्ता आधारभूत कराको अभाव रहेको पाइयो भनि उल्लेख गर्नुभएको छ ।

ढकाल ( २०५७ ) ले सार्वजनिक विद्यालयहरुमा कक्षा ८ को सामाजिक शिक्षा विषयमा शिक्षण विधी, विद्यार्थी ा उपलब्धी विचको सम्वन्ध वारेमा अध्ययन गर्नु भएको थियो । उहाले आफ्नो अध्ययन क्रममा विद्यालय छनौट गर्दा जिल्ला शिक्षा कार्यालय काठमाण्डौ वाट संचालित सार्वजनिक विद्यालयको तथ्याङ्क लिइ ११७ वटा विद्यालय मध्ये वाट १२ वटा विद्यालय छनौट गर्नु भएको थियो । त्यसै गरी सामाजिक विषय अध्यापन गराउने शिक्षकहरु र विद्यार्थीहरु नमूना छनौटमा पार्नु भएको थियो । उहाले प्राप्तीमा कक्षा ८ को सामाजिक शिक्षा विषय दुई वर्ष अघि देखि लागु भएपनि हाल सम्म शिक्षक निर्देशिका प्रकाशित नभएकोले सामाजिक विषय शिक्षणमा शिक्षकहरुले उचित विधीको प्रयोग गर्न नसकेको , दैनिक पाठयोजना नवनाई शिक्षण गरेको वार्षिक कार्ययोजनालाई पाठयोजना भनेको अधिकांश शिक्षकले शिक्षणका क्रममा अत्यन्तै कम शैक्षिक सामाग्री प्रयोग गरेको जस्ता निष्कर्ष पाइयो ।

त्यसैगरि आचार्य (२००४) ले माध्यमिक तहको सामाजिक शिक्षा मा शिक्षण सामाग्री को उपलव्धता र प्रयोगको अवस्था सम्वन्धमा अध्ययन गर्नुभएको थियो उहाले आफ्नो अध्ययनको उद्देश्य सामाजिक शिक्षा शिक्षणका लागि शैक्षिक सामाग्रीको अवस्था, सामाग्रीको अध्ययन, सामाग्री प्रयोग गर्न नसक्नुका कारणहरु पत्ता लगाउने उद्देश्यहरु निर्धारण गर्नुभएको थियो । उक्त अध्ययनमा वाके जिल्लाका २४ वटा माध्यमिक विद्यालयलाई लिनुभएको थियो । छनौटमा परेका विद्यालयका प्र.अ., सामाजिक शिक्षक कक्षा अवलोकन छलफल अन्तवार्ताका आधारमा तथ्याङ्क संकलन गरेको देखिन्छ । यसका लागि सामाजिक शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिकालाई पनि सामाग्रीका रुपमा लिनुभएको थियो । उहाले प्राप्तीका रुपमा सामाजिक शिक्षा शिक्षणका लागि शिक्षक निर्देशिकामा उल्लेख भएका समाग्रीकाहरुको अभाव, सामाजिक शिक्षालाई सामान्य विषयका रुपमा लिएको पाइयो । घिमिरे (२०५५) सालमा कक्षा ५ को सामाजिक शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तक विच सम्वन्ध शिर्षकमा अध्ययन गर्नुभएको थियो । उक्त

अध्ययनमा पाठ्यक्रम र पाठ्यपुस्तकको कमी कमजोरी पक्षलाई सुधार गर्नुपर्ने पक्षको आवश्यकता जस्ता सुझाव प्रस्तुत गर्नुभएको थियो ।

Research Centre for Educational Innovation and Development ( CERID) T.U. मार्फत गणेशवहादुर सिंह तथा अन्य साथीहरुले (July 2002) मा गरेको Formative Research Project Effective Classroom Teaching Learning Phase –I मा उक्त अध्ययन प्रतिवेदनका प्राप्तीहरु यस प्रकार छन् :


अधिकांश शिक्षकहरुले पाठ्यक्रम, शिक्षक निर्देशिका भन्दा पाठ्यपुस्तकलाई मात्र एउटा साधनको रुपमा प्रयोग गरेको पाइयो । केही शिक्षकहरुले मात्र पढाउने विषयवस्तुको रुपमा तयारीको लागि शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो । केही शिक्षकहरुले मात्र पाठ्यक्रम, शिक्षक निर्देशिकाको अध्ययन गरि सोही वमोजिम कक्षाकोठामा विषयवस्तु प्रस्तुत गरेको पाइयो । जुन शिक्षक निर्देशिका र पाठ्यक्रमको प्रयोग नगर्ने शिक्षकको शिक्षण भन्दा प्रयोग गर्ने शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप वढी प्रभावकारी रहेको पाइयो ।

तीर्थराज पराजुली "नेपालमा प्राथमिक शिक्षा पाठ्यक्रमको सान्दर्भिकता विषयको आफ्नो विद्यावारिधि शोधपत्रमा प्राथमिक शिक्षा पाठ्यक्रमको सान्दर्भिकता सम्बन्धमा शिक्षक विद्यार्थी र अभिभावकको राय शीर्षकमा पराजुली लेख्नुहुन्छ - दुई तिहाइ अभिभावकहरु केटाकेटीहरुले विद्यालयबाट उनीहरुको संस्कृति र धर्म सिक्नु पर्ने कुरा बताएका छन् । अझ यो भन्दा अभिभावकहरु उनीहरुको केटाकेटी धेरै आज्ञाकारी आदरार्थी, धार्मिक र असल नैतिकवान हुनुपर्ने कुरामा जोड दिएका छन् । एक तिहाइ अभिभावकहरु स्थानीय संस्कृति र धर्मको प्रतिनिधित्व पाठ्यक्रममा हुनुपर्ने कुरामा आवाज उठाएका छन् (पराजुली, १९९९) ।

## २.२ आवधारणात्मक ढाँचा

यस अध्ययनमा माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्वन्धी शिर्षकमा अहिले सम्म कसैले अध्ययन अनुसन्धान नगरेकाले उक्त शिर्षकमा शोधपत्र तयार पारिएको हो । पूर्व साहित्यको समिक्षावाट पनि धरै कुराहरु प्राप्त गर्न सकियो जस अनुसार यस विषयमा अध्ययन अनुसन्धान गर्न सहयोग मिलेको थियो । यसका साथै यस अध्ययन कार्यमा सहयोग पुऱ्याउने अन्य विभिन्न खाले श्रोतहरु छन् जुन श्रोतले प्रत्यक्ष प्रभाव पारिरहेका हुन्छन ति श्रोतहरुलाई पनि समावेश गराइएको थियो ।

यसका साथै यस विषय संग सम्बन्धीत विभिन्न खाले शिक्षक वुलेटिन, शिक्षक पत्रिका, शिक्षा पत्रिका आदि वाट प्राप्त श्रोतलाई पनि समावेश गरिएको थियो । पाठ्यक्रम अनुसार तयार पारिएको पाठ्यपुस्तकलाई कार्यन्वयन गराउने क्रममा शिक्षक निर्देशिकाको प्रयोग गरेर विद्यार्थीलाई अपेक्षित उपलव्धी हासिल गराउन सकिन्छ । माध्यमिक तहमा सामाजिक शिक्षा अध्यापन गराउदा त्यस विषय भित्र रहेका विभिन्न क्रियाकलापहरुलाई शिक्षक निर्देशिकाको सहयोगवाट विद्यार्थीसामु प्रस्तुत गर्न सकिन्छ । त्यसका साथै अन्य श्रोत तथा सामाग्रीहरुको पनि सहयोग लिनुपर्ने भएकाले यस शिर्षकको अध्ययनका लागि अवधारणात्मक ढाँचा तयार पारिएको थियो । जसका आधारमा अध्ययन अनुसन्धानलाई सहज वनाएको थियो । अध्ययन शिर्षकसँग सम्वन्धी अवधारणात्मक ढाँचा यस प्रकार छ :




माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिका विद्यालय तहमा प्राप्त भए नभएको अवस्था र शिक्षकले के कसरी प्रयोग गर्दा रहेछन वा प्रयाग गर्दारहेनछन्, त्यसको अवस्था पहिचान गर्न यस अवधारणात्मक ढाँचा प्रस्तुत गरिएको हो । त्यसै गरी शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको अवस्था पहिचान गर्नका लागि स्थानीय परिवेशका विभिन्न पक्षहरु भैगोलिक, सामाजिक, शैक्षिक आर्थिक र धार्मिक तथा सांस्कृतिक पक्षहरुको अध्ययन गरिएको थियो ।

# अध्याय तीन

# अध्ययन विधि

हरेक प्रकारका अध्ययन अनुसन्धानलाई सहज तरिकाले सम्पन्न गर्न निश्चित प्रकारका तौरतरिकाहरुको उपयोग गर्ने गरिन्छ । अध्ययन गर्ने यिनै तौरतरिकालाई नै अध्ययन विधि भनिन्छ । जसको निर्धारण अध्ययनको उद्देश्य, अनुसन्धानको प्रकृति, विषयवस्तुको प्रकृति र स्वयम अनुसन्धानकर्ताको रुचिमा भरपर्दछ । अध्ययनको लागि अध्ययन विधिको महत्वपूर्ण भूमिका रहन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

अध्ययन गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य सङ्कलित सूचनाहरुको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गर्दछ । यस अन्तर्गत माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी अध्ययनको क्रममा शोधकर्ताद्वारा विषयसँग समबन्धित गुणात्मक र परिमाणात्मक विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । यस अनुसन्धान ढाँचालाई संरचनागत ढाँचाको रुपमा तालिका निर्माण गरिएको थियो ।

| क.सं | उद्देश्य | स्रोत | साधन |
|---|---|---|---|
| १ | शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको अवस्था पत्ता लगाउनु । | प्र.अ., विषय शिक्षक र विद्यार्थी | असंरचित अन्तवार्ता, खुल्ला प्रश्नावली, सामूहिक छलफल |
| २ | माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता पहिचान गर्नु । | प्र.अ., विषय शिक्षक र विद्यार्थी | असंरचित अन्तर्वार्ता, खुल्ला प्रश्नावली, समूह छलफल, अवलोकन |

## ३.२ नमुना छनोट प्रक्रिया

### ३.२.१ विद्यालयको छनोट

यस अध्ययनमा नमुना छनोटका लागि रोल्पा जिल्लाको दक्षिण क्षेत्रमा अवस्थित ३ वटा गा.वि.स. झेनाम, नुवागाउँ र दुविडाँडा लाई त्यस गा.वि.स. अन्तर्गतका सामुदायिक माध्यमिक विद्यालयलाई अध्ययनको समय, साधन र स्रोतलाई समेत ध्यानमा राखी सम्भावना रहित नमुना छनोट पद्धति अन्तर्गतको सुविधाजनक नमुना छनोट विधिबाट नमुनाको रुपमा छनोट गरिएको थियो (अनुसीच १ (क) ।

### ३.२.२ प्रधानाध्यापकको छनोट

अध्यनयको लागि छनोट गरिएका उपरोक्त ३ वटा विद्यालयका प्र.अ. लाई अन्तर्वाताका लागि छनोट गरिनुपर्ने भएकाले ती ३ वटै प्रधानाध्यापकहरु स्वतः नमुना छनोट गरिएको थियो । छनोटमा परेका प्र.अ. हरुको नामावली अनुसीच १ ख मा राखिएको छ ।

### ३.२.३ शिक्षकहरुको छनोट

छनोट गरिएका ३ वटै विद्यालयका कक्षा ९ र १० मा सामाजिक विषय शिक्षण गराउने जम्मा ३ विषय जना शिक्षकलाई स्वतः छनोट गरिएको थियो (अनुसूची १ ग) ।

### ३.२.४ विद्यार्थीहरुको छनोट

अध्ययन क्षेत्रमा परेका ३ वटा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ९ र १० का विद्यार्थीहरुमध्ये सामान्य सम्भावनामा आधारित नमुना छनोट विधिबाट प्रत्येक विद्यालयका कक्षा ९ र १० वाट क्रमशः केटा र केटी ६/६ जना गरी जम्मा ३६ जना विद्यार्थीहरुलाई कक्षाकोठामा बसाइको आधारमा अगाडी, विचमा र पछाडी गरी सवै ठाउँबाट पर्ने गरी नमुनाको रुपमा छनोट गरिएको थियो (अनुसूची १ घ) ।

## ३.३ सूचना सङ्कलनका स्रोतहरु

अध्ययनको विषयसँग सम्बन्धित सूचनाहरु तथा तथ्याङ्कहरु सङ्कलन गर्न प्राथमिक तथा गौण दुवै प्रकारका स्रोतहरुको प्रयोग गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

प्राथमिक स्रोत भन्नाले प्रत्यक्ष भेटघाट, अन्तर्वार्ता, अवलोकन, पश्नावली, समूह छलफल जस्ता साधनहरुको प्रयोग गरिएको थियो । यी साधनहरुको प्रयोग गरेर शिक्षक, विद्यार्थी र प्र.अ. बाट सूचनाहरु प्राप्त भएका थिए ।

### ३.३.२ गौण स्रोतहरु

गौणस्रोत भन्नाले प्राथमिक स्रोतबाहेक अन्य उपलब्ध स्रोतलाई मानिन्छ ।यस अध्ययनको सिलसिलमा विभिन्न पुस्तकालयबाट लिइएका तथ्याङ्क प्रतिवेदन, शिक्षक निर्देशिका, शोधपत्र, गा.वि.स. अभिलेख, पत्रिपत्रिका आदिलाई सहायक स्रोतका रुपमा प्रयोगमा ल्याइएको थियो ।

## ३.४ सूचना सङ्कलनका साधनहरु र तिनको निर्माण

यस अध्ययनका लागि आवश्यक सूचनाहरु तथ्याङ्कहरु सङ्कलन गर्नका लागि निम्न किसिमका साधनहरुको निर्माण गरिएको थियो ।

### ३.४.१ शिक्षक खुल्ला प्रश्नावली

माध्यमिक तहमा सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धमा सूचना सङ्कलन गर्न माध्यमिक तहमा सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरुबाट खुल्ला प्रश्नावली तयार पारेर लिइएको थियो । शिक्षकहरुका लागि तयार पारिएको खुल्ला प्रश्नावली अनुसूची २ मा समावेश छ ।

### ३.४.२ प्र. अ. असंरचित अन्तर्वार्ता

शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता कस्तो छ भन्ने सन्दर्भमा सम्बन्धित विद्यालयका प्र.अहरुबाट अन्तर्वार्ताको माध्यमबाट सूचनाहरु सङ्कलन गरिएको थियो ( अनुसूची ३ मा समावेश छ ) ।

### ३.४.३ विद्यार्थी सामूहिक छलफल निर्देशिका

अध्ययनको क्रममा माध्यमिक तहका छनोटमा परेका विद्यार्थीहरुलाई अन्तर्क्रिया तथा सामूहिक छलफल निर्देशिका तयार पारि उनीहरुको धारणा प्राप्त गरिएको थियो । अनुसूची ४ मा समावेश छ ।

### ३.४.४ कक्षा शिक्षण अवलोकन फाराम

यस कक्षा शिक्षण अवलोकन फाराममा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी तथ्याङ्क सङ्कलनगर्न सामुदायिक विद्यालयको कक्षा ९ र १० का कक्षाहरुमा गई अवलोकनका माध्यमबाट कम्तीमा ३ पटक प्रत्यक्ष रुपमा अवलोकन गरिएको थियो ( अनुसूची ५ मा देखाइएको छ ।

## ३.५ सूचना सङ्कलन विधि

यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि माध्यमिक विद्यालयमा स्वयम अनुसन्धानकर्ता उपस्थित भई माध्यमिक तहमा सामाजिक विषयमा अध्यापन अध्ययनरत शिक्षकहरुसँग प्रश्नावली भरिएको थियो साथै प्र.अ.हरुसँग खुल्ला अन्तर्वार्ताको माध्यमबाट प्रश्नावली भरिएको थियो । त्यसैगरी छनोटमा परेका विद्यार्थीहरुलाई सामूहिक छलफल निर्देशिका तयार पारेर उनीहरुको प्रतिक्रिया भरिएको थियो । साथै कक्षामा गएर कक्षा शिक्षण अवलोकन फाराम भरेर तथ्याङ्क सङ्कलन गरिएको थियो ।

## ३.६ साधनहरुको वैधता निर्धारण

यस अध्ययनकार्यमा सम्बन्धित तथ्याङ्कहरु तथा सूचनाहरु सङ्कलन गर्ने कार्यमा शोध निर्देशक ज्यू र मेरा सहपाठी साथीहरुको राय, सल्लाह र सुझावको आधारमा तथ्याङ्कका साधनहरुको वैधता निर्धारण गरिएको थियो ।

## ३.७ सूचनाहरुको विश्लेषण तथा व्याख्या

यस अध्ययनको उद्देश्य प्राप्त गर्नका लागि तयार गरिएका विभिन्न सूचना सङ्कलनका साधनहरु प्रशनावली, अन्तर्वार्ता, अवलोकन र विद्यार्थी छलफल निर्देशिकाबाट प्राप्त गरिएका सूचनाहरुलाई गुणात्मक एवम् परिमाणात्मक विधिको प्रयोग गरी अध्ययाय ४ मा विश्लेषण तथा व्याख्या गरिएको थियो ।

# अध्याय चार

## अध्ययन क्षेत्रको परिचय

रोल्पा जिल्ला भौगोलिक दृष्टिकोणले विकट मानिने राप्ती अञ्चलको ५ वटा जिल्लामध्ये एक हो । यो जिल्ला अन्य ४ जिल्लाको बीचमा अवस्थित छ । रोल्पा जिल्लाको दक्षिणमा दाङ पूर्वमा प्यूठान, उत्तरमा रुकुम र पश्चिमा सल्यान जिल्लाले घेरेका छन् । पहाडी जिल्लाको रुपमा चिनिने रोल्पा माओवादी शसस्त्र जनयुद्धकालयमा अझ बढी परिचित हुन पुग्यो । भौगोलिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, शैक्षिक र राजनैतिक दृष्टिकोणले फरक पहिचान तथा विविधता भएको यस जिल्लामा जम्मा ५१ वटा गा.वि.स. हरु पर्दछन् । यस जिल्लाको जनजीवन अत्यन्तै कठिन परिस्थितिमा गुज्रिएको छ । निम्न आर्थिक अवस्था, अशिक्षा यस जिल्लाको प्रमुख समस्या हो । माओवादी जनयुद्धकालमा द्वन्द्वको चपेटाबाट पीडित यहाँका मानिसहरु अहिले शास्तीको सास फेर्न पाएका छन् । माओवादी र राज्य दुवै पक्षको दवदवावका कारण यस जिल्लाका बासिन्दाहरु स्वतन्त्र हिडडुल, व्यवसाय तथा पेसा र अध्ययन गर्न समेत गाह्रो थियो ।

रोल्पा जिल्लाको दक्षिण भेगमा अवस्थित ३ वटा गा.वि.स. झेनाम, दुविडाँडा र नुवागाउँ अन्तर्गत पर्ने ३ वटा माध्यमिक विद्यालय र ती विद्यालय क्षेत्रको दक्षिण तिर दाङ जिल्ला सिमनासँग जोडिएको यो क्षेत्र खोंच, साना साना फाँटदेखि लिएर करिब १८०० फिट सम्मको उच्च पहाडी भेग यस क्षेत्रमा पर्दछ (रोल्पा जिल्लाको एक परिचय पुस्तक २०६७) । हावापानीको दृष्टिकोणले समशितोष्ण प्रकारको हावापानी पाइने यस क्षेत्रमा वन पैदावर प्रसस्त मात्रामा  देखिन्छ । उष्ण प्रदेशीय हावापानीमा पाइने सालदेखि लिएर उच्च पहाडमा पाइने वनजङ्गल बाज, सैपा जस्ता रुखहरु पाइन्छन् । यहाँको प्रमुख वनजङ्गलमा लाँली गुरास, सल्ला सैपा जस्ता जातहरु पर्दछन् । खेतीपातीको लागि प्रशस्त उत्पादन हुने फाँटदेखि फलफूल तथा तरकारी खेतीका लागि प्रख्यात ठाउँ यसै क्षेत्रमा पर्दछन् । जनसंख्याको हिसाबले रोल्पा जिल्लाको यो क्षेत्र सुगम भएकाले अन्य गा.वि.स. भन्दा यी गा.वि.स. हरु घना बस्ती भएका क्षेत्र हुन् । यस क्षेत्रमा विभिन्न जात जातिका मानिसरु बसोवास  गर्दछन् । यिनीहरुको संस्कार आफ्नै किसिमको पाइन्छ । बहु संख्यक जाति मगरहरु र त्यसपछि क्षेत्री र अन्य जातिका मानिसहरुको बसोबास देखिन्छ । यहाँको शैक्षिक अवस्थाको अध्ययन गर्दा सक्षरता प्रतिशत भने कम देखिन्छ । यस क्षेत्रमा उच्च मा.वि. २,

मा.वि. २, नि.मा.वि. ३ र प्रा.वि. १२ गरी जम्मा १९ वटा विद्यालयहरु भए तापनि साक्षरता प्रतिशत भने कम छ । यहाँका मानिसहरुको मुख्य पेसा कृषि नै हो । केही थैरै व्यक्तिहरु सरकारी नोकरी, व्यापार र वैदेशिक रोजगारीका लागि विदेश गएका छन् । दमाइ, कामीहरुले आफ्नो पुर्ख्यौली पेसा गाउँमा लुगा सिलाउने र फलामका भाडा बनाउने गर्दछन् । धार्मिक तथा सांस्कृतिक सम्पदाको दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण मानिन्छ । प्रसिद्ध तीर्थस्थल स्वर्गद्वारी जाने प्रमुखद्वार यही क्षेत्रको होलेरी बजार हुँदै प्रवेश गर्दछ । त्यसै गरी स्वर्गद्वारी महाप्रभुको जन्म स्थल यही क्षेत्रको रुन्टी भन्ने ठाउँ र स्वर्गद्वारी जानुभन्दा पहिले होलेरी बजारदेखि माथिको अग्लो पहाड गडीलेक भन्ने ठाउँमा आश्रम गरी बसेकाले अझै पनि त्यस ठाउँमा ऐतिहासिक तथा पुरातात्विक सम्पदाको रुपमा संरक्षण भएका ले यस क्षेत्रको गरिमा अझ बढ्न गएको देखिन्छ ।

अध्ययन क्षेत्रको सबै पक्षका बारेमा विकास गर्न तथा जनचेतना जगाउन सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको पनि सहभागिता भएको पाइन्छ । यस अध्ययन क्षेत्रमा सामाजिक विषयशिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी स्थानीय परिवेशका विभिन्न पक्षहरुको अवस्था यस प्रकार छ :

## ४.१. भैगोलिक स्थिति

रोल्पा जिल्ला भोगोलिक वनावटका दृष्टिले विकट जिल्ला मानिन्छ । यो अध्ययन क्षेत्र रोल्पा जिल्लाको दक्षिण भोगका ३ वटा गा.वि.स. मा केन्द्रित भएको यस क्षेत्रको भौगोलिक वनावट, हावापानी र वनस्पतीमा विविधता पाइन्छ । यो क्षेत्र दाङ जिल्लाको उत्तरतिर भावर प्रदेशदेखि महाभारतपर्वत सम्म फैलिएको छ । अग्ला पहाडी श्रृंखलादेखि नदीले बनाएका होचा खोच तथा टारहरु यस क्षेत्रमा पर्दछन् । भौगोलिक वनावट उपडखापड भएकाले हावापानीमा पनि विविधता पाइन्छ । । समशितोष्ण किसिमको हावापानी भएता पनि अग्लो भूभाग भएको होलेरी, दहवन जस्ता ठाउँमा भने अत्यन्त चिसो एको विविकताले गर्दा यहँको जनजीवन यापन गर्न पनि कठिन देखिन्छ । यहँका मानिसहरुको लवाइ खवाइमा समेत हावापानीले प्रभाव पारेको छ ।

हावापानीमा देखिने फरकपनले गर्दा यस क्षेत्रको वनजंगलमा पनि विविधता पाइन्छ। होछा खोचहरु त्था वेसीहरुमा साल, सिसौ, खयर जस्ता रुखहरु पाइन्छन् भने अग्लो भूभागमा धुपिसल्ला, सल्ला, वाज, कटुस आदि पाइन्छन् । त्यसै गरी तिते, मालागिरी, टिमुर

जस्ता जडिबुटीहरु इस क्षेत्रमा पाइन्छन् । विभिन्न किसिमका जंगली जनावरहरु जस्तै बाघ, भालु, मृग, बाँदर खरायो र पंक्षीहरुमा कालि, तित्रा, लामपुच्छ्रे, मैना आदि पशुपंक्षीहरु यस क्षेत्रमा पाइन्छन् ।

## ४.२ सामाजिक स्थिति

छनौटमा परेका ३ वटा गा.वि.स.को सामाजिक अवस्थालाई तलको तालिकाका आधारमा विश्लेषण एवम व्याख्या गरिएको छ :

**तालिका नं ४.१ : जातजातिगत विवरण**

| क्र.सं. | जात | गा.वि.स. | | | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | | झनाम | नुवागाउँ | दुबिडाँडा | |
| १ | मगर | २४९२ | २३०७ | ९२९ | ५७२८ |
| २ | क्षेत्री | २२२६ | १३८६ | १२४७ | ४८५९ |
| ३ | कामी | १७ | ५१६ | १४३ | ९७६ |
| ४ | दमाई | २१२ | ३११ | ८५ | ६०८ |
| ५ | बाहुन | २९ | ३३ | ७४ | १३६ |
| ६ | ठकुरी | ५२ | २४ | १३ | ८९ |
| ७ | अन्य | ३६५ | १५३ | १०४ | ६२२ |
| | जम्मा | ५६९३ | ४७३० | २५९५ | १३०१८ |

स्रोत : अध्ययन क्षेत्रको तथ्याङ्क २०६७

माथिको तालिका नं. ४.२ का अनुसार छनोटमा परेका ३ वटा गा.वि.स. को जम्मा जनसंख्या १३०१८ देखिन्छ । जसमध्ये झेनाम गा.वि.स. को जनसंख्या सबभन्दा बढी देखिन्छ । दोस्रोमा नुवागाउँ गा.वि.स. को जनसंख्या छ भने कम जनसंख्या भएको जनसंख्या दुविडाँडा हो । जात जातिगतरुपमा मगरहरुको संख्या बढी देखिन्छ । दोस्रो क्षेत्रीहरुको संख्या छ भने त्यसपछि कामी, दमाई बाहुन र ठकुरीको जनसंख्या अत्यधिक कमी देखिन्छ ।

यसरीसामाजिक समस्याको रुपमा देखा परेका कतिपय अवस्थालाई समाधान गर्नका लागि तथा समामाजिक सुधारका लागि स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाले

केही मात्रामा भए पनि आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ । जुन तलको तालिका नं. ४.३ मा देखाइएको छ ।

**तालिका नं ४.२: यस क्षेत्रमा संलग्न संघ संस्थाको विवरण**

| क्र.सं | संघ संस्थाको नाम | काम गर्ने क्षेत्र |
|---|---|---|
| १ | सिविन नेपाल | बालबालिकाको क्षेत्रमा |
| २ | मानव अधिकार सचेतना केन्द्र (हुरेक) | मानवअधिकारको क्षेत्रमा |
| ३ | ग्रामीण पुनर्निर्माण संस्था (RRN) | भौतिक विकास तथा पुनर्निर्माण कार्यमा |
| ४ | हरप्लेस (मानव अधिकार संरक्षण तथा कानुनी सेवा केन्द) | सामाजिक न्यायको क्षेत्रमा |
| ५ | अनमिन (UNMIN) | द्वन्द्व समाधानको क्षेत्रका साथै केही विकास निर्माणको क्षेत्रमा |
| ६ | वनसँग सम्बन्धित जिविकोपार्जन संस्था (LFP ) | वनको क्षेत्रमा |
| ७ | रुडास नेपाल | सामाजिक सेवा तथा जनचेतनाको क्षेत्रमा |

स्रोतः स्थलगत सर्वेक्षण, २०६७

माथिको तालिका अनुसार यस अध्ययन क्षेत्रको सामाजिक क्षेत्रको विकासमा आर्थिक तथा प्राविधिक र जनचेतनाको विकास गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय संघ संस्थाहरु दिएको छ । ती संस्थाहरुमा सिविन नेपालले विद्यालयका बालबालिकरुको बालक्लब गठन गरेर विभिन्न कार्य गर्दै आएको छ। द्वन्द्वबाट पीडित तथा टुहुरा भएका बालबालिकहरुलाई छात्रवृत्ति प्रदान गरी सहयोग गरेको पाइन्छ । त्यसैगरी हुरेक भन्ने संस्थाले विद्यालयमा माथिल्लो तहका विद्यार्थीहरुलाई मानवअधिकार समबन्धी शिक्षा दिने गरेको छ। ग्रामीण पुनः निर्माण संस्थाले गाउँघरमा र विद्यालयमा भवन, खानेपानी, शौचालय जस्ता भौतिक संरचनाको निर्माण गरेको पाइन्छ । हरप्लेस, रुडास र एल एफ पी. आदिले पनि समाजमा सामाजिक न्याय दिने, जनचेतना जगाउने, उनीहरुको जीविकोपार्जन तथा सीप विकास समबन्धी कार्य गर्न सहयोग गर्ने गरेका छन् । त्यसैगरी ग्लक्ष्ल ले द्वन्द्व समाधानका लागि त्यस क्षेत्रेको माओवादी लडाकुको पाँचौ डिभिजनमा ञ्यलष्तयच को काम गर्नुका साथै केही विकासका लागि आर्थिक सहयोग गरेको

थियो । सामाजिक विकासको सम्बन्धमा छनोटमा परेका शिक्षक, अभिभावक र विद्यार्थीहरुको प्रतिक्रिया तथा जवाफ अनुसार यसमा सुधार गर्नका लागि गाउँका टाँठाबाठा र शिक्षक जस्ता व्यक्तिको भूमिका राम्रो हुनुपर्दछ । विभिन्न संघसंस्थाहरुले अझै सहयोग गर्नुपर्छ । त्यसैगरी शिक्षक र विद्यार्थीको अन्तर्वार्तामा सामाजिक अवस्थालाई सुधार गर्न हामी लगायत सबैको भूमिका राम्रो हुनुपर्दछ । यसमा पनि अझ पाठ्यक्रममा धेरै कुराहरुलाई राख्न सकेमा शिक्षाको माध्यमबाट प्रभावकारी हुन्छ ।

## ४.३ शैक्षिक स्थिति

यस अध्ययन क्षेत्रको शैक्षिक अवस्थालाई अध्ययन गर्नका लागि तलको तालिका देखाइएको छ ।

**तालिका नं ४.३ : महेन्द्र उच्च मा.वि. स्रोतकेन्द्र होलेरी**

| गा.वि.स.को नाम | १५-६० निरक्षर | +६० निरक्षर | कुल निरक्षर |
|---|---|---|---|
| झेनाम | ११०४ | १५६ | १२६० |
| सखी | ४५० | ७६ | ६१६ |
| डुब्रिङ | ६१४ | १३६ | ८५० |
| जम्मा | २३५८ | ३६८ | २७२६ |

स्रोतः साक्षरता अभियानका लागि स्रोतकेन्द्र स्तरीय समष्टिगत फाराम

माथिको तालिका नं. ४.४ का अनुसार महेन्द्र उच्च मा.वि. स्रोतकेन्द्र होलेरी रोल्पा अन्गार्तत ३ वटा गा.वि.स. को निरक्षर अवस्था देखाइएको छ । जसअनुसार प्रत्येक गा.वि.स. को १५ देखि ६० वर्ष बीचको महिला र पुरुष निरक्षरता देखाइएको छ । त्यसै गरी ६० वर्ष भन्दा माथिको निरक्षर पनि देखाइएको छ । झेनाम गा.वि.स. को कुल निरक्षर १२६० , सखी गा.वि.स. को कुल निरक्षर ६१६ र डुब्रिङ गा.वि.स. को कुलनिरक्षर ८५० गरी जम्मा यस स्रोतकेन्द्र अन्तर्गत २७६० निरक्षर भएको देखाउँछ । त्यसमध्येमा महिला र पुरुषको निरक्षर अवस्था पुरुषको भन्दा महिला बढी अर्थात् पुरुष ८७१ र महिला १८५४ निरक्षर देखिन्छ । जुन यस स्रोतकेन्द्र अन्तर्गतको महिला साक्षरता कमी भएको देखाएँछ । यस सम्बन्धमा त्यस क्षेत्रका अभिभावकहरुको प्रतिक्रिया अनुसार पुरुषहरु भन्दा महिलाहरु घरयासी काममा व्यस्त हुनु पर्ने र सानो छँदा विद्यालयमा नपठाएको कारण साक्षरता प्रतिशत कम भएको भनाइ छ । त्यसैगरी छनोटमा परेका प्र.अ.

शिक्षकहरु र विद्यार्थीहरुको जवाफ तथा प्रतिक्रिया पनि मिल्दा जुल्दा देखिन्छन् । उनीहरु अनुसार यस क्षेत्रमा जनचेतनाको अभाव छ भने पढाइलाई त्यति महत्व पनि नदिएकाले निरक्षरहरुको संख्या अझै कम हुन नसकेको बताउँछन् । महिलाहरुमा सानै उमेरमा विवाह गर्ने प्रचलन, नपढे पनि हुन्छ भन्ने मान्यताले काम गरेको बताए, जसलाई परिशिष्टमा राखिएको छ ।

**तालिका नं ४.४: अरनीको उच्च मा.वि.को स्रोतकेन्द्र नुवागाउँ**

| गा.वि.स.को नाम | १५-६० निरक्षर | +६० निरक्षर | कुल निरक्षर |
|---|---|---|---|
| नुवागाउँ | ७८४ | १०५ | ८८९ |
| करेटी | ४१६ | ८७ | ५०३ |
| जम्मा | १२०० | १९२ | १३९२ |

स्रोत साक्षरता अभियानका लागि स्रोतकेन्द्र सतरीय समष्टिगत फाराम, २०६७

तालिका नं. ४.५ का अनुसार नुवागाउ स्रोतकेन्द्रस्तरीय साक्षरता फाराममा २ वटा गा.वि.स. नुवागाउ र करेटी को १५६० सम्म र ६० देखी माथि गरि दुइ उमेर समूहमा महिला र पुरुषको छुट्टाछुट्टै निरक्षर संख्या देखाइएको छ । जसअनुसार नुवागाउ गा.वि.स.मा १५ देखि ६० वर्ष उमेर समूहमा जम्मा ७८४ जना निरक्षर देखिन्छन् भने करेटीमा ४१६ जना छन ।त्यसमध्येमा दुवै गा.वि.स मा पुरुष भन्दा महिलाको निरक्षर संख्या बढि देखिन्छ । त्यसैगरी ६० वर्ष भन्दा माथिको निरक्षर संख्या नुवागाउमा महिलापुरुष गरी १०५ र करेटी मा ८७ जना छन भने यस उमेर समूहमा पनि महिलाको निरक्षर संख्या बढि देखिन्छ । नुवागाउँ गा.वि.स मा कुलनिरक्षर ८८९ र करेटी मा ५०३ गरी जम्मा यस स्रोतकन्द्रस्तरीय निरक्षर संख्या १३९२ छ । त्यसमा महिला १०४१ र पुरुष ३५१ को संख्या छ । यस स्रोतकेन्द्रमा पनि महिला संख्या वा निरक्षरता बढि छ ।

समग्रमा यस अध्ययन क्षेत्रको तथ्याङ्कबाट के स्पष्ट हून्छ भने यस क्षेत्रको शिक्षाको अवथा धेरै कमजोर देखिन्छ । यहाँको साक्षरता प्रतशित नेपालको साक्षरता प्रतिशत ५४ भन्दा कम देखिन्छ । केही पढेलेखेको शिक्षित तथा बुद्धिजीवि र दक्ष जनशक्ति बसाइसराइ गरी दाङ जिल्लामा जाने गरेकाले त्यस क्षेत्रको शैक्षिक अवस्थाको तथ्याङ्कले शैक्षिक जनशक्ति कम देखाउँछ । महिलाको वर्तमान शिक्षाको स्थिति अध्ययन गर्दा तल्लो कक्षामा अर्थात विद्यालयस्तरका कक्षाहरुमा केटाहरुको संख्या भन्दा केटीहरुको संख्या उच्च देखिन्छ तर उच्च शिक्षामा भने कम संख्या देखिन्छ । यस्तो हुनुमा त्यस क्षत्रेका शिक्षक र विद्यार्थीहरुले दिएको प्रतिक्रिया अनुसार पढाउनु पर्दछ भन्ने भावना अभिभावहरुमा र स्वयम् विद्यार्थीहरुमा पनि कम देखियो ।

## ४.४ धार्मिक तथा सांस्कृतिक स्थिति

यस क्षेत्रको धार्मिक तथा सांसकृतिक अवस्थालाई अध्ययन गर्दा विविध जातजाति भएको समुदाय भए पनि यहाँका बासिन्दाहरुले आफ्नो धार्मिक आस्था र सांस्कृतिक मूल्य मान्यतालाई आँगालेको पाइन्छ । विशेषतः यस क्षेत्रका बासिन्दाहरु हिन्दू धर्मप्रति आस्था राख्ने भएकाले अधिकांश हिन्दूधर्म (७६५) मान्ने गर्दछन् भने बौद्ध धर्म मान्नेहरुको संख्या कम ( १९५) देखिन्छ । त्यसैगरी क्रिश्चियन र मस्लिम धर्म मान्नेहरुको संख्या अन्यन्त न्यून देखिन्छ ।

धार्मिक मूल्य मान्यताप्रति बढी विश्वास राख्ने र आफ्नो संस्कारलाई त्याग्न नसकी बचाइ राख्ने समुह बुढापाकाको देखिन्छ भने नयाँ पिढीले धर्मप्रति त्यति चासो देखाएको पाइँदैन । त्यसै गरी आफ्ना पूर्खाहरुले मान्दै आएको संस्कारयुक्त जीवन पद्धतिलाई अनुशरण गर्न सकेको देखिदैन । अर्थात् प्राचीन मूल्य मान्यता र आफ्नै मौलिक संस्कारलाई बिर्सेर नयाँ आगुन्तक संस्कार अँगालेको बुढापाकाको चिन्ता छ ।

अध्ययन क्षेत्रको समुदायको मुख्य भाषा नेपाली भाषा नै हो यिनीहरुको आफ्नै मातृभाषा छैन । सबै जातजातिहरुको खवाइ लवाइ मिल्दो जुल्दो छ । क्षेत्री र मगरहरुको बाहुल्यता भएको यस क्षेत्रमा यिनीहरुको वैवाहिक संस्कार पनि मिल्दो जुल्दो देखिन्छ । क्षेत्री र मगरबीच वैवाहिक सम्बन्ध सामान्य मानिन्छ भने यी जातिहरुको तल्लो जात भनेर चिनिने कामी र दमाई बीचमा भने केही नगन्यमात्रामा वैवाहिक सम्बन्ध भएको छ। बुढा पुस्ता भने आफ्नो पुरानो संस्कारलाई छोड्न  मान्दैनन् । तर नयाँ पुस्ताले उनीहरुसँग हिडडुलसँगै खानाखाने गरेकाले छुवाछुवत प्रथा भने लोप भइसकेको अवस्था देखिन्छ ।

स्थानीय समुदायको आफ्नै किसिमको संस्कारको रुपमा चिनिएको लोकगीत, झ्याउरे तथा टप्का नाच सोरठी नाच र लाठी नाच यस क्षत्रेका प्रसिद्ध नाचहरु हुन् । यहाँका स्थानीय मेला तथा पर्वहरुमा यी गीतहरु र नाच देखाइन्छ । यस क्षेत्रका प्रसिद्ध मेलहरुमा गढि लेकको मेला , चिन्नेथानको मेला,  चविघाटको मेला आदि हुन् ।

धार्मिक तथा सांस्कृतिक स्थलका रुपमा चिनिने यस क्षेत्रको नजिकै अवस्थति स्वर्गद्वारी तीर्थस्थल नेपाल कै एकप्रसिद्ध तीथस्थल तथा धार्मिक स्थलको रुपमा  चिनिन्छ । प्रसिद्ध धार्मिक स्थल स्वर्गद्वारी नेपालका विभिन्न भागहरु र विशेष गरी भारतका विहार,

उत्तरप्रदेशबाट तीर्थ गर्ने आउनेहरुको घुइचो लाग्दछ । स्वर्गद्वारी महाप्रभुको आश्रमस्थलका रुपमा चिनिने यस क्षेत्रमा मृत्यु हुनुभन्दा पहिले स्वर्गद्वारीको दर्शन गर्नु र मृत्यु भएपछि स्वर्गमा बास पाइन्छ भन्ने भनाइ छ । प्रसिद्ध स्वर्गद्वारी महाप्रमुको वास्तविक नाम नारायण खत्री गौताम हो । उनको जन्म यही अध्ययन क्षेत्रअन्तर्गत पर्ने सखी गा.वि.स. को रुन्टी भन्ने ठाउँमा वि.सं १९१६ मा भएको थियो । वि.सं १९३०-३५ तिर उनी होलेरी बजार निजकैको घना जङ्गल गडीलेकमा आई तपस्या गरेका थिए । त्यसपछि प्यूठान जिल्लाको स्वर्गद्वारी लेकमा गई त्यही आफ्नो अन्तिम समयसम्म तपस्या गरी जीवन बिताए । भविष्यवाणी गर्न सक्ने विलक्षण स्वभाव भएका नाराण खत्री गौतमलाई स्वर्गद्वारी महाप्रभुको रुपमा चिनिन्छ ।

प्राचीन ऐतिहासिक तथा पुरातात्विक स्रोतका रुपमा र धार्मिक तथा सांस्कृतिक सम्पदा र पर्यटकीय रुपमा समेत चिनाउन सकिने अर्को स्थल हो गढिलेक तथा रुन्टी धार्मिक र पर्यटीकय स्थल । यो क्षेत्र होलेरी बजार देखि करिब १ कि.मि. उत्तर पूर्वको उकालो पैदलयात्रा पछि अत्यन्त मनमोहक ठाउँको रुपमा भेटिन्छ । यस ठाउँलाई चरैतिरबाट वनजङ्गलले घेरेको बीचमा स्वर्गद्वारी महाप्रभुको कुटी र एउटा भग्नावेशमा रहेको दरबार छ । त्यस दरबारको सुरक्षाका लागि चारैतिरबाट पर्खालले घेरेको छ भने पर्खालको चारै किल्लामा सुरक्षाका लागि सुरक्षा पोष्ट बनाइएको अहिले त्यस क्षेत्रमा देख्न पाइन्छ । प्रत्येक वर्ष शिवरात्रीका दिन त्यहाँ ठूलो मेला लाग्ने गर्दछ । त्यस क्षेत्रलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीय समुदाय सक्रिय रुपमा लागी परेका छन् । त्यस क्षेत्रको संरक्षण गर्न र विकास गर्न सकेमा प्राचीनकालीन ऐतिहासिक तथा पुरातात्विक सम्पदाको संरक्षण हुनुका साथै धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको विकास र विस्तार भई देशको आर्थिक विकासमा समेत महत्वपूर्ण योगदान दिन सक्ने सम्भावना देखिन्छ । यसको विकासका लागि स्थानीय र जिल्ला तहका सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले आर्थिक तथा प्राविधिक सहयोग गरेको देखिन्छ । तर यति प्रयासले मात्र पूरा हुँदैन । यसका लागि राष्ट्रिय स्तरको चासो जानु नितान्त आवश्यक देखिन्छ ।

धार्मिक एवम सांस्कृतिक सम्पदा सम्बन्धी विषयवस्तु कक्षा ९ र १० को सामाजिक विषयमा समावेश भएकाले यी विषयवस्तुको शिक्षण गर्दा शिक्षक निर्देशिकाका आधारमा यस्ता विषयवस्तुलाई समेटेर शिक्षण गराउँदा प्रभावकारी हने यस क्षेत्रका अभिभावक शिक्षक विद्यार्थीहरुको राय देखिन्छ ।

## ४.५ आर्थिक स्थिति

अध्ययन क्षेत्रको समुदायको आर्थिक क्रियाकलापलाई अध्ययन गर्दा यस क्षेत्रका बासिन्दाहरुको मुख्य पेसा भनेको कृषि हो । अधिकांश कृषिमा संलग्न छन् भने दोस्रोमा व्यापार र त्यसपछि नोकरी, मजदुरी र वैदेशिक रोजगारमा जाने गरेको देखिन्छ , जुन तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ४.५ : समुदायको आर्थिक स्थिति**

| क्र.सं. | पेसा | प्रतिशत |
|---|---|---|
| १ | कृषि | ७३ |
| २ | व्यापार | १४ |
| ३ | नोकरी | ६ |
| ४ | मजदुरी | ४ |
| ५ | वैदेशिक रोजगार तथा अन्य | ३ |
| | जम्मा | १०० |

माथिको तालिकामा देखाइए अनुसार विभिन्न पेसामा संलग्न भएका व्यक्तिहरुको प्रतिशत देखाइएको छ । कृषि पेसामा लागेका मानिसहरुको प्रतिशत सबभन्दा बढी ७३ प्रतिशत छ भने अन्य पेसामा थोरैप्रतिशत संलग्न भएको देखिन्छ । नेपाल कृषि प्रधान देश भएकाले धेरैजसो मानिसहरु कृषि पेसामा लागेका छन् । अन्य उद्योग कलकारखाना, व्यापार र नोकरीको अभावका कारण कृषि पेसा चाहेर भए पनि छोड्न सकेको अवस्था छैन । यस क्षेत्रमा पनि त्यही समस्या छ । यहाँ खेतीयोग्य भूमि धेरै नभए पनि खाद्यान्नबालीमा धान, मकै, गहुँका साथसाथै तरकारी खेती पनि गरिन्छ । यसका साथै फलफूल खेतीको पनि राम्रो सम्भवना भए पनि थोरै मात्र सुन्तला, केरा, स्याउ आदिको खेती गरिन्छ । सिंचाइ सुविधाको अभाव, यातायातको अभाव, परम्परागत खेती प्रणाली, ऋण सुविधाको अभावका कारण कृषिबाट उत्पादन राम्रो हुन सकेको छैन । वर्षभरि खेती गरेर छ महिना खान पुऱ्याउन गाह्रो देखिन्छ ।

# अध्याय पाँच

# सूचनाको विश्लेषण र व्याख्या

माध्यमिक तहमा सामाजिक विषय शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धि जानकारी प्राप्त गर्न गरिएको यस अधययन रोल्पा जिल्लाको दक्षिणी भेगमा अवस्थित ३ वटा सामूदायिक माध्यमिक विद्यालयहरुमा सामाीजक विषय पढाउने शिक्षकहरु, प्र.अ. हरु र छनोटमा परेका विद्यार्थीहरुबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो । स्वयम् शोधकर्ताले शिक्षक निर्देशिकाको विश्लेषण गरेको आधारमा प्ाप्त सूचनाहरुलाई विश्लेषण र व्याख्या गरिएको थियो । यस सम्बन्धी अध्ययनबाट प्राप्त भएका सूचनाहरुलाई विश्लेषण र व्याख्या गर्दा शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोग एवं यसको स्थानीय सान्दर्भिकतामा केन्द्रित भएर विश्लेषण गरिएको थियो ।

नेपालको कुनै ठाउँ विशेषमा फरक खालको सान्दर्भिकता हुन सक्ने भएकाले छनोटमा परेका स्थानहरुमा यसको सान्दर्भिकता के छ भन्ने बारेमा व्याख्या विश्लेषण गरिएको थियो । छनोटमा परेको क्षेत्रहरुको सामाजिक परिवेशलाई आधार मानेर अर्थात त्यस क्षेत्रको परिवेशमा विभिन्न पक्षहरु जस्तै सामाजिक, आर्थिक, भौगोलिक, सांस्कृतिक , धार्मिक जस्ता पक्षहरुको अध्ययन गरी त्यसैका आधारमा सामाजिक विषय शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको विश्लेषणलाई प्राथमिकता दिइएको थियो । त्यसैगरी सामाजिक विषय र शिक्षक निर्देशिका बीचको अर्न्तसम्बन्ध कस्तो छ भन्ने बारेमा पनि पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको अध्ययन गरी त्यसैका आधारमा व्याख्या र विश्लेषण गरिएको थियो । शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको अवस्था पहिचान गनअध्ययन अनुसन्धान गरी प्राप्त सूचनाहरुको आधारमा व्याख्या एवम् विश्लेषण गरिएको थियो ।

## ५.१ शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको स्थिति

माध्यमिक तहमा समाजिक विषय शिक्षक निर्देशिकाको स्थानयि सान्दर्भिकता अन्तर्गत शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोग स्थिति तलको तालिकामा तीनवटा छनोटमा परेका विद्यालयको बारेमा देखाइएको छ ।

**तालिका नं ५.१ : शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको स्थिति**

| क.सं | विद्यालयको नाम | शिक्षक निर्देशिकाको संख्या | प्रयोग गरेको अवस्था | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्र उ.मा.वि. होलेरी, रोल्पा | कक्षा १० पुरानो | तीन पटकको कक्षा अवलोकनमा १ पटक मात्र प्रयोग गरेको | अहिले पाठ्यपुस्तक परिमार्जन भए अनुसार नयाँ शिक्षक निर्देशिका प्रकाशन नगरिएको |
| २ | अरनिको उ.मा.वि. नुवागाउँ रोलपा | २ पुराना | तीन पटकको कक्षा अवलोकनमा २ पटक मात्र प्रयोग गरेको | |
| ३ | भीमसेन मा.वि. सैवाङ रोल्पा | नभएको | ३ पटकको कक्षा अवलोकमा प्रयोग नगरेको | |

स्रोतः अध्ययनक्षेत्रको तथ्याङ्क , २०६७

यसरी माथिको तालिका नं. ४.१ मा नमुनामा परेका ३ वटा विद्यालयका कक्षा ९ र १० को सामाजिक विषयको शिक्षक निर्देशिका पुरानोपाठ्यपुस्तक अनुसार महेन्द्र उच्च मा.वि. होलेरी रोल्पामा कक्षा १० को १ मात्र देखियो । पुरानो पाठ्यपुस्तक पठनपाठन गर्ने क्रममा कहिलेकाहीँ प्रयोग गरेको देखिन्छ । त्यसैगरी अरनीको उ.मा.वि. नुवागाउँमा कक्षा ९ र १० का २ वटै प्राप्त गरेको देखिन्छ ती दुईवटै पुरानो देखिए । अहिले पाठ्यपुस्तक परिमार्जन गरेपछि यस वर्ष नया शिक्षक निर्देशिका प्रकाशन नगरेकाले प्रयोग गरेको देखिदैन । पुरानो शिक्षक निर्देशिका पाठअनुसार मिल्ने भएकाले कहिलेकाहीँ प्रयोग गरेको देखिन्छ । त्यस्तै गरी भीमसेन मा.वि. मा भने पुरानो नयाँ कुनै पनि प्राप्ति र प्रयोग गरेको देखिएन । शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको अवस्था सम्बन्धमा सम्बन्धित विद्यालयका छनोटमा परेका प्र.अ. शिक्षक र विद्यार्थीबीच अन्तकृया छलफल प्रश्नोत्तर आदिको माध्यमबाट प्रतिक्रिया तथा उत्तरहरु प्राप्त भएका थिए । जुन यस प्रकार छन् ।

नयाँ पाठ्यपुस्तक परिमार्जन भए अनुसार यस वर्ष पनि नयाँ शिक्षक निर्देशिका समयमै प्रकाशन नभएकाले शिक्षकले प्रयाग गरेको देखिएन र पूरानो निर्देशिका केहि मात्रामा मिल्ने भएकाले कहिलेकाँही मात्र प्रयोग गरेको देखियो । छनोटमा परेका सामूदायिक विद्यालयका प्र.अ., विषय शिक्षक र विद्यार्थीहरु विच प्रश्नोत्तर, अर्न्तवार्ता, सामुहिक छलफल, अवलोकन आदिबाट प्राप्त भएका प्रतिक्रिया तथा उत्तरहरुलाई तल विश्लेषण गरिएको छ ।

**प्र.अ.को प्रतिक्रिया**

शिक्षक र्दिशिकाको प्राप्ति र प्रयोगको अवस्था बारेमा ३ वटै सामूदायिक विद्यालयका प्र.अ.हरुसँगको अर्न्तवार्तामा केहि मिल्दा जुल्दा जवाफहरु तथा प्रतिक्रियाहरु प्राप्त भउका थिए । विद्यालयमा शिक्षक निर्देशिकाको प्राप्तिको अवस्था सम्बन्धी प्रश्नको उत्तरमा १ जना प्र.अ.ले विद्यालयमा प्राप्त गर्न नसकेको प्रतिक्रिया व्यक्त गरेका थिए भने २ जना प्र.अ. ले सबै विषयका उपलब्ध गराउन नसकिएता पनि केहि विषयका भने उपलब्ध भएको बताए । त्यसैगरि सबे विषय का निर्देशिका प्राप्त गर्न नसक्नुमा २ वटा सामूदायिक विद्यालयका प्र.अ.ले दिएको प्रतिक्रिया अनुसार सबै विषयका निर्देशिका नपाएर र शिक्षकलेपनि सधैं प्रयोग नगर्ने भएकाले उपलब्ध हुन नसकेको बताए । अन्य १ जना प्र. अ. ले भने शिक्षक निर्देशिका खासै आवश्यकता नभएकाले त्यसलाई चासो नदिएको बताए । शिक्षक निर्देशिका धेरै जसो .जि.शि.का.बाट प्राप्त गर्ने गरेको र अन्य पुस्तक पसल तथा साझा प्रकाशनबाट भने किनेर नल्याएको बताए । परिमार्जित पाठ्यपुस्तक अनुसार नयाँ शिक्षक निर्देशिका भने माध्यमिक तहमा अहिले सम्म आइनपुगेको अवस्था जानकारी दिएका थिए । समयमै पाठ्यपुस्तक परिमाजिर्त अनुसार नयाँ शिक्षक निर्देशिका प्रकाशन गरि विद्यालयमा पठाउन नसक्नु माथिल्लो निकायको कमजोरी भएको २ वटा सामूदायिक विद्यालयका प्र.अ.हरुले बताए ।

शिक्षक निर्देशिकाको प्रयोग सम्बन्धी प्रश्नहरुको जवाफमा विद्यालयका थोरै शिक्षकहरुले मात्र शिक्षक निर्देशिका अध्ययन गरि शिक्षण गरेको र धेरै जसो शिक्षकले पाठ्यपुस्तकमात्र प्रयोग गरि शिक्षण गरेको । शिक्षक निर्देशिका प्रयोग नगरिनुमा २ जना प्र.अ. अनुसार शिक्षकहरुले खासै चासो नदिने भएकाले यसको प्रभाकारी प्रयोग हुन नसकेको बताए भने १ जना प्र.अ. ले विद्यालयमा उपलब्ध गराउन नसकेर तथा प्रसस्त मात्रमा सबै विषयका निर्देशिका पाउन नसक्नुका कारण पनि प्रयोगमा आउन कमिभएको जानकारी

दिए । विद्यालयमा कहिलेकाहि शिक्षकहरुको कक्षा अवलोकन गर्ने गरेको २ जा प्र.अ. ले बाएका थिए भने १ जना प्र.अ. ले कक्षा अवलोकन गर्न फूर्सद नभएर नभ्याएको जानकारी दिए । शिक्षक निर्देशिका राम्रोसँग कार्यान्वयन हुन नसक्नुमा शिक्षकको लापर्वाही बढि देखिने र विद्यालयमा शिक्षक निर्देशिका उपलब्ध गराउन नसक्नु पनि कारण भएको प्र.अ. हरु बताए । शिक्षक निर्देशिकाले शिक्षण कार्यलाई प्रभावकारी बनाउने भएकाले यसको आवश्यकता तथा सान्दर्भिकता हुँदा हुँदै पनि विद्यालयमा सहज रुपमा प्राप्त गर्न नसकिएको अवस्था ले र विषय शिक्षकहरुले पनि सहि रुपमा प्रयोग गरि शिक्षण नगर्नाले यसको प्रभावकारितामा कमी आएको प्रतिक्रिया व्यक्त गरेका थिए ।

यसबाट के स्पष्ट हुन्छ भने शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको अवस्था सम्बन्धमा प्र.अ. हरुबाट प्राप्त भएको धारणा अनुसार शिक्षक निर्देशिका धेरै जसो विद्यालयमा प्राप्त हुन सकेको देखिएन । यसलाई प्रयोग गर्नुपर्दछ र शिक्षण कार्य प्रभावकारी हुन्छ भन्ने बारेमा प्र.अ. हरुले खासै चासो देखाएर शिक्षक निर्देशिकाहरु विद्यालयमा उपलब्ध गराउन नसकेको देखियो । शिक्षामन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले पनि परिमार्जित पाठ्यपुस्तक अनुसार तथा शिक्षक निर्देशिकाहरु समयमै प्रकाशन गरि विद्यालयहरुमा पठाउन नसक्नु अझ ठूलो कमजोरी देखियो ।

**शिक्षकको प्रतिक्रिया**

शिक्षकनिर्देशिकाको स्थानीय सान्दर्भिकता शिषर्कमा छनौटमा परेका ३ वटा सामूदायिक विद्यालयका माध्यमिक तहमा अध्यापन गराउने सामाजिक विषयका ३ जना शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया तथा धारणा अनुसार धेरै जसो विद्यालयमा शिक्षक निर्देशिकाहरु प्रयाप्त मात्रामा उपलब्ध गराउन नसकिएको गुनासो व्यक्त गरेका थिए । प्राप्त भएका शिक्षक निर्देशिका पनि सबै विषयका नभई थोरै विषयका हुन गरेको बताए । विद्यालयमा सबै विषयका शिक्षक निर्देशिका उपलब्ध गराउन नसक्नुमा प्र.अ. हरुको कमजोरी भएको २ जना विषय शिक्षकहरुले बताए भने १ जना विषय शिक्षकले सहजै प्राप्त गर्न नसकिने भएकाले यसको अभावहुन गएको बताए । यसको प्रयोग खासै नगरिने भएकाले पनि उपलब्ध गराउन मा प्र.अ. ले चासो नदिएको हुन सक्ने उनको धारण थियो । विद्यालयमा निर्देशिका उपलब्ध गराउने निकाय जि.शि.का को र श्रोत व्यक्तिको पनि भएको र उनीहरुले समेत चासो नदिने भएकाले यसको अभाव हुन गएको बताए ।

शिक्षक निर्देशिका समयमै प्राप्त गर्न नसकिने र विद्यालयमा उपलब्ध भएका शिक्षक निर्देशिका पूराना भएकाले नयाँ पाठ्यपुस्तक परिमार्जन अनुसार नयाँ शिषक निर्देशिकाहरु अझै पनि माध्यमिक तहका लागि प्रकाशन गरि नपठाएकाले विद्यालयमा शिक्षक निर्देशिकाको प्रयोग राम्रोसँग हुन नसकेको २ जना शिक्षकहरुले जवाफ दिए भने १ जना शिक्षकले शिक्षकनिर्देशिका प्रकाशन भए नभएको तथा पाइने वा नपाइने बारेमा कुनै जानकारी नभएको बताए । शिक्षक निर्देशिकाको प्रयोग को अवस्था सम्बन्धमा २ वटा विद्यालयका शिक्षकहरुले पूरानो शिक्षक निर्देशिका केहि हदसम्म पाठ्यपुस्तकसँग मिल्ने भएकाले प्रयोग गर्ने गरेको बताए भने १ जना शिक्षकले ती पुराना निर्देशिका पनि आफूसँग नभएकाले शिक्षक निर्देशिका प्रयोगमा नल्याएको बताए । शिक्षक निर्देकिाको आवश्यकता हुँदाहुँदै पनि यसको प्राप्तिको अभावका कारणले प्रयोग गर्न नसकिएको उनले बताए ।

शिक्षक निर्देशिका प्रयोग गरि त्यसैका आधारमा दैनिक पाठ्योजना बनाएर कक्षा शिक्षण गर्न सकेमा शिक्षण सिकाइ प्रभावकारी हुने र अपेक्षित उपलबधी हासिल गर्न सकिने भएता पनि विविध कारणले यसको प्रयोग गरि शिक्षण गर्न नसकिएको उनीहरुको धारणा थियो । शिक्षक निर्देशिका प्रयोग गर्न नसकिने कारणहरुको जवाफमा सबै शिक्षकहरुको मिल्दो जुल्दो प्रतिक्रिया दिएका थिए । उनीहरुले दिएको प्रतिक्रिया अनुसार कहिले काहि विदा लिएर बस्नुपर्ने अवस्था हुन्छ, कहिले तालिममा जानुपर्ने हुन्छ र कहिले काहि विद्यालयमा हुने बन्द हडताले गर्दा समयमै course पूरा नहुने भएकाले यसो हुन गएको जानकारी प्राप्त भयो । त्यसै गरि शिक्षकहरु स्वयम शिक्षक निर्देशिका अध्ययन गरि शिक्षण गर्ने वानी नभएको र पाठ्यपुस्तक अध्ययन गरि पढाउने गरेका उत्तर दिए । शिक्षक निर्देशिका सर्वप्रथम विद्यालयमा पाइदै पाइन्न, पाइएका शिक्षक निर्देशिका पनि आवश्यक परेमा मात्र प्रयोग गर्ने गरेको जानकारी दिएका थिए ।

यसबाट के स्पष्ट हुन्छ भने विद्यालयमा सबै विषयहरुको शिक्षकनिर्देशिकाहरु कमै मात्रामा पाइन्छन् र ति शिक्षकनिर्देशिकाहरु पनि सबै शिक्षकहरुले प्रयोग गरि पढाएको अवस्था उनीहरुले दिएको उत्तर र स्वयम अध्ययनकर्ताको विश्लेषणबाट स्पष्ट हुन्छ । विद्यालयमा गरिएको अध्ययन तथा कक्षा अवलोकन बाट पनि माथि उल्लेखित तालिका नं. १ देखाइए अनुसार अत्यन्त न्यून देखिन्छ । कक्षा अवलोकनमा १ जना शिक्षकले मात्र मिल्नेखालको पाठ भएकाले प्रयोग गरेका थिए भने २ जना ले प्रयोग नै गरेका थिएनन् । शिक्षकहरुको शिक्षणकार्यको एकमात्र साधन पाठ्यपुस्तक देखिन्छ ।

**विद्यार्थीको प्रतिक्रिया**

माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोग तथा स्थानीय सान्दर्भिकता सम्बन्धी अध्ययन अनुसन्धानका लागि छनौटमा परेका ३ वटा सामुदायिक माध्यमिक विद्यालय अर्न्तगत ३६ जना छात्र-छात्रा बाट उनीहरुको धारणा तथा प्रतिक्रिया प्राप्त भएको थियो जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ५.२: सामाजिक शिक्षाप्रति विद्यार्थीको प्रतिक्रिया**

| | | | |
|---|---|---|---|
| १. सामाीजक विषय मनपराउने वा मननपराउने | मन पराउने २८ जना | मन नपराउने २ जना | मध्यम छ ६ जना |
| २. पठाउने शिक्षकको शैलिकाको अवस्था | पढाएको बुझिने छ २७ जना | पढाएको बुझिँदैन ६ जना | मध्यम छ ३ जना |
| ३. पाठमा दिएका क्रियाकलाप कसले गर्दछ ? | शिक्षकले गरिदिने २१ जना | विद्यार्थी आफै गर्ने १५ जना | x |
| ३. शैक्षिक सामाग्रीको प्रयोग गरी शिक्षण गर्ने | प्रयोग गर्ने १४ जना | प्रयोग नगर्ने १७ जना | कहिलेकाही प्रयोग गर्ने ५ जना |
| ५. क्रियाकलापमा दिइएनुसार समुदायमा गइ प्रतिवेदन तयार गर्ने काम | प्रतिवेदन तयार गर्ने विद्यार्थी १३ जना | प्रतिवेदन तयार नगर्ने विद्यार्थी १५ जना | कुनै कुनै शिर्षकमा गर्ने विद्यार्थी ८ जना |
| ६. सामाजिक विषय स्थानीय समुदायको जिवन पद्धती सँग मेल खाने छ छैन् ? | मेलखानेछ ३१ जना | पुरै मेल नखाने छ ५ जना | x |

सहभागी ३६ जना केटाकटी बाट सोधिएको प्रश्नका आधारमा सामाजिक २८ जना विद्यार्थीहरुले मनपराउने विषय भएको बताए भने बाँकी ६ जना विद्यार्थीहरुले सबै कुराहरु समावेश गरेकाले धेरै पढ्नु पर्ने भएकाले मनपर्ने बताए । पढाइ प्रति रुची नदेखाउनुमा

शिक्षकको पढाउने शैलीले पनि प्रभाव पारेको उनीहरुले  बताए । शिक्षकको पढाउने शैलीको प्रभार राम्रो परेको २७ जनाले दिएका थिए, ६ जनाले राम्रो प्रभाव नपरेको बताए भने बाँकी ३ जनाले मध्यम बताए । सामाजिक विषयमा दिइएका क्रियाकलापहरुलाई शिक्षकले आफै गरिदिनेमा २१ जना विद्यार्थीहरुले बताए भने विद्यार्थीहरु आफै गर्नेमा १५ जना थिए । त्यसैगरि शैक्षिक सामाग्री को प्रयोग सम्बन्धको प्रश्नको उत्तरमा १४ जना विद्यार्थीहरुले शिक्षक स्वयम शैक्षिक सामाग्रीको प्रयोग गरि शिक्षण गरेको बताए भने १७ जना विद्यार्थीहरुले शैक्षिक सामाग्री प्रयोग नगरेको प्रतिक्रिया दिएभने बाँकि ८ जना विद्यार्थीहरुले कहिले काही मात्र शैक्षिक सामाग्री प्रयोग गर्ने गरेको बताए । ग्लोव, नक्सा जस्ता शैक्षिक सामाग्री भने प्रयोग गरि शिक्षण गरेको उनीहरुले बताए ।

शिक्षक निर्देशिकाले प्राप्ति र प्रयोग सम्बन्धी प्र.अ. विषय शिक्षक र विद्यार्थीहरुबाट प्राप्त प्रतिक्रिया तथा उत्तरहरुबाट के स्पष्ट हुन्छ भने शिक्षक निर्देशिकाहरु सबै विद्यालयमा उपलब्ध भएको   देखिएन र उपलब्ध भएका शिक्षक निर्देशिकाहरु पनि पूराना देखिए । यसो हुनुमा प्र.अ., विषय शिक्षकहरु अनुसार शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकासकेन्द्र , जिल्ला शिक्ष कार्यालय प्र.अ. र शिक्षक सबैको जिम्मेवारी हुने कुरा बताए । विद्यालयमा उपलब्ध भएका शिक्षक निर्देशिकाहरु पनि दैनिक रुपमा प्रयोग गरि शिक्षण गरेको पाइएन । सामाजिक विषयको शिक्षक निर्देशिका पाठ्यपुस्तक परिर्माजित भए अनुसार नयाँ प्रकाशन गरि विद्यालयहरुमा यो प्रतिवेदन तयार पार्दा सम्म पुगेको देखिएन । शिक्षक निर्देशिका प्रकाशन गर्ने संस्था पाठयक्रम विकास केन्द्र सानो ठिमी भक्तपुरमा सर्म्पक गर्दा शै. तिहारपछि प्रकाशन हुने जानकारीदिए पछि कक्षा ९ र १० को शिक्षक निर्देशिका उपलब्ध भएका थिएनन् ।

## ५.२ शिक्षक निर्देशिकको स्थानीय सान्दर्भिकताको अवस्था

माध्यमिक तह कक्षा ९ र १० को सामाजिक अध्ययन विषयमा समावेश गरिएका विषयसूचीहरु स्थानीय समुदायका विभिन्न पक्षहरुलाई समेटेको देखिन्छ । सामाजिक विषय अनुसार तयार पारिएका शिक्षक निर्देशिकाहरुले निर्दिष्ट गरेका कुराहरुलाई विषय शिक्षकहरुले स्थानीय परिवेशअनुसार कसरी शिक्षण गराउँदा रहेछन ? र शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता के कस्तो रहेछ ? विषयवस्तुमा भएका पाठहरुले स्थानीय

परिवेशका विभिन्न पक्षहरुसँग के कस्तो तादम्यता राखेका रहेछन् भन्ने बारेमा व्याख्या एवं विश्लेषण गरिएको थियो ।

माध्यमिक तहको सामाजिक विषयमा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी विषय शीर्षकमा छनोटमा परेका क्षेत्रहरुको वस्तु स्थितिका बारेमा माथि नै देखाइएको छ । सम्बन्धित ठाउँको वस्तुस्थितिका आधारमा छनोटमा परेका सूचना सङ्कलनका साधनहरुको प्रयोग गरी प्राप्त सूचनाहरुलाई व्याख्या विश्लेषण गर्दा छनोटमा परेका विद्यालयका प्र.अ.हरु, शिक्षकहरु र विद्यार्थीहरुबाट अन्तर्वार्ता सामूहिक छलफल प्रश्नोत्तर आदिका माध्यमबाट विभिन्न विचार प्रतिक्रिया र जानकारीहरु प्राप्त भएका थिए । जसअनुसार माध्यमिक तह सामाजिक विषयको शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी त्यस स्थानको भौगोलिक पक्ष, सामाजिक पक्ष, धार्मिक तथा सांस्कृतिक पक्ष, शैक्षिक पक्ष र आर्थिक पक्षको बारेमा अध्ययन गरी त्यस ठाउँको स्थानीय परिवेशको स्थिति पहिचान गरी त्यसैका आधारमा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता कस्तो छ त्यस ठाउँको ती पक्षलाई समेटन् सक्यो कि सकेन भन्ने निष्कर्ष निकालिएको थियो । ती विविध पक्षहरुको अध्ययन पश्चात सामाजिक विषयका कतिपय विषयवस्तु सन्दर्भ अनुसार भएकाले शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता हुँदाहुँदै यसको प्रयोगको कमीका कारण कम सान्दर्भिक हुन गएको देखियो ।

**प्र.अ.को प्रतिक्रिया**

स्थानीय परिवशेको पहिचान तथा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी छनोटमा परेका विद्यालयका प्र.अ.हरुसँगको छलफल तथा अन्तर्वार्ताबाट प्राप्त प्रक्रिया अनुसार शिक्षक निर्देशिका विषयवस्तु अनुसार तयार पारिएकोले शिक्षकहरुलाई यसले मार्गदर्शकका रुपमा काम गर्ने बताए । त्यसक्षेत्रको स्थानीय परिवेश अनुसार शिक्षक निर्देशिकामा उल्लेख गरिएका कतिपय कुराहरु मेल नखान सक्छन् तर समग्रमा यसको प्रयोग गरी शिक्षण गर्दा शिक्षण प्रभावकारी हुन्छ । उनीहरुको थप प्रतिक्रिया थियो सबैले आ- आफ्नो स्थानबाट गर्नुपर्ने जिम्मेवारी पूरा गरेमा कुनै पनि विषयवस्तुलाई सहि रुपमा उपयोग तथा प्रयोगमा ल्याउन सकेमा त्यस विषयवस्तुको त्यत्तिकै सान्दर्भिकता हुने भएकाले शिक्षक निर्देशिकाको पनि त्यतिकै महत्व र आवश्यकता छ । यदि त्यसलाई महत्व दिन नसकेमा त्यसको उपयोगिता पनि घट्छ र सान्दर्भिक नहुने विचार  एकजना प्र.अ. ले

दिएका थिए । त्यस क्षेत्रको स्थानीय परिवेश अनुसारका विभिन्न पक्षहरुलाई सामाजिक विषयले समेटेको भए पनि विशेषतः सामाजिक पक्ष र साँस्कृतिक पक्षलाई बढी सान्दर्भिक बनाएको एकजना प्र.अ.को प्रतिक्रिया थियो भने दुई जना प्र.अ.ले समेटनुपर्ने विषयवस्तु जति काठमाडौंको वस्तुस्थितिका बारेमा महत्व दिएर समेटेको छ तर देशका दुर्गम ठाउँका बासिन्दा र उनीहरुले गर्ने क्रियाकलापलाई समेटन सकेमा शिक्षक निर्देशिका सान्दर्भिक हुने विचार व्यक्त गरेका थिए । त्यसै गरी स्थानीय विषयवस्तुलाई समेट्ने गरी शिक्षक निर्देशिकाले स्पष्ट रुपमा शिक्षकहरुलाई शिक्षण गर्न निर्दिष्ट गर्नुपर्ने विचार ३ जना प्र.अ.ले दिएका थिए । सामाजिक विषयका शिक्षकहरुले शिक्षक निर्देशिकामा दिएका क्रियाकलापहरुलाई विद्यार्थी माफ गर्न लगाई उनीहरुलाई समेत संलग्न गराउन सकिएमा बढी प्रभावकारी हुने धारणा व्यक्त गरेका थिए ।

शिक्षक निर्देशिका शिक्षकले कक्षा शिक्षण गर्दा प्रयोग गरि कक्षा शिक्षणलाई प्रभावकारी बनाउने साधन वा सामग्री भएकाले यसको स्थानीय तहमा कत्तिको सान्दर्भिकता छ भन्ने सम्बन्धमा शिक्षकको अवस्था अनुसार पनि यसको सान्दर्भिकता हुने भएकाले यस सम्बन्धमा शिक्षक र प्र.अ. बाट प्रश्नावली र अन्तर्वार्ता सूची तयार गरी उहाँहरुबाट उत्तर तथा प्रतिक्रियाहरु प्राप्त गरिएको थियो । माध्यमिक तहमा सामाजिक शिक्षाका लागि शिक्षक निर्देशिका प्रयोग गरी तथा अध्ययन गरी शिक्षण गर्दा यसको स्थानीय सान्दर्भिकता सम्बन्धि विभिन्न पक्षहरु सँगको तादम्यताका बारेमा प्रतिक्रियाहरु प्राप्त भएका थिए । शिक्षकहरुबाट प्राप्त प्रतिक्रिया अनुसार त्यस ठाउँमा पाठ्यपुस्तकको जति सान्दर्भिकता छ त्यसको आधारमा शिक्षक निर्देशिकाको प्रयोग र उपलब्धी नगन्य पाइयो । शिक्षकहरुले पाठ्यपुस्तककै आधारमा शिक्षण गर्ने गरेको र शिक्षक निर्देशिकालाई महत्व दिएको देखिएन । स्थानीय समुदायको आवश्यकता तथा क्रियाकलापलाई भने पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकाले समेटेकाले यसको सान्दर्भिकता हुँदाहुँदै पनि समयमै पाठ्यपुस्तकका आधारमा शिक्षक निर्देशिका प्रकाशन गर्न नसकेकाले यसको सान्दर्भिकतामा प्रश्नचिन्ह उठेको बताएका छन् । शिक्षकहरुको उत्तर थियो विषय वस्तुक्रियाकलापमुखी भएकाले शिक्षक निर्देशिका पनि स्थानीय परिवेश अनुसार मेल खाने गरी तयार गरिनुपर्दछ । तर पाठ्यपुस्तक परिमार्जन साथसाथै शिक्षक निर्देशिका तयार भएर उपलब्ध भएको छैन ।

पाठ्यपुस्तकमा जो लेखिएको छ, त्यसैका आधारमा शिक्षण गर्ने, पाठयोजनाका आधारमा कक्षा शिक्षण नगरी कक्षाकोठामा प्रवेश गरिसकेपछि त्यस दिनमा पढाउनुपर्ने विषय वस्तु पाठ्यपुस्तक हेरी जानकारी प्राप्त गर्ने अवस्था कक्षा अवलोकनबाट  देखियो । विद्यालयमा सबै विषयका शिक्षक निर्देशिकाहरु उपलब्ध हुन नसक्नुबाट पनि यसको सान्दर्भिकता माथि प्रश्नचिन्ह उठ्छ । शिक्षक निर्देशिकाको सम्बन्धमा सबै शिक्षकहरुले जानकारी प्राप्त गरेको देखिएन । जानकारी प्राप्त भएका शिक्षकहरुमा पनि पाठ्योजना निर्माण गरेर पढाएको पाइएन । शिक्षक निर्देशिकाका आधारमा शिक्षण गर्दा समयमै course पूरा गर्न नसकिने धेरै जसो शिक्षकबाट प्रतिक्रिया प्राप्त भयो । किन कि कहिले विद्यालय बन्द कहिले शिक्षक अनुपस्थिति आदि कारणले समयमै course पूरा गर्नलाई बढी रफ्तारमा जानुपर्ने उत्तर प्राप्त भयो । पाठ्यक्रम अनुसारका उद्देश्य पूरा गर्न र विद्यार्थीहरुमा उपलब्धी हासिल गराउनुभन्दा पाठ्यपुस्तक पढाएर पूरा गरेमा आफ्ना एक शैक्षिक सत्र भित्रको पढाइ पूरा भएको मान्ने कारणले शिक्षक निर्देशिकामा के लेखेको छ, कसरी पढाउने भनेको छ, शिक्षण कार्य कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने चासो देखिएन । विद्यालयमा जति मिहिनेत गरेर पढाए पनि शिक्षकलाई सम्मान तथा पुरस्कृत नगरेको, गरे पनि नियमित नहुने चासो नदिने शिक्षकलाई गरेकाले मिहेनत गर्ने बानी छाडेको बताए । विद्यार्थी मूल्याङ्कन प्रक्रिया पनि गलत भएकाले अर्थात लिखित परीक्षामा भर पर्ने र लिखित परीक्षा पद्धति खुकुलो भएकाले कक्षा शिक्षणमा विद्यार्थीहरुले ध्यान नदिने र परीक्षामा चोरेर पास गर्ने बानीको विकास भएको बताए ।

### विषय शिक्षकको प्रतिक्रिया

माध्यमिक तहमा सामाजिक शिक्षाको शिक्षक निर्देशिका कार्यान्वयन गराउने क्रममा सम्बन्धित विद्यालयका समबन्धित विषय शिक्षकहरु त्यस विद्यालयका प्र.अ. र विद्यार्थीहरुबाट प्राप्त उत्तर, प्रतिक्रिया तथा सूचना अनुसार शिक्षक निर्देशिका पाठ्यपुस्तक अनुसार तयार पारिएको हुन्छ । सामाजिक विषयको पाठ्यपुस्तक तथा पाठ्यक्रम सम्बन्धित अध्ययन क्षेत्रका बालबालिकाहरुको रुचि स्तर र क्षमता अनुसार सान्दर्भिकता हुनुपर्दछ । जस्तै पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकामा तपाईको समुदाय भन्ने शीर्षकको क्रियाकलापमा तपाईको समुदाय कुन अन्तर्राष्ट्रिय संस्थाले कुन कुरामा सहयोग पुऱ्याएको छ ? कति खर्च भयो ? उपलब्धि के के भए ? अवलोकन गरी प्रतिवेदन तयार गर भनेको

छ । त्यस अनुसार त्यस आधारमा क्षेत्रका विद्यालयहरुमा UNICEF Unmin भन्ने अन्तराष्ट्रिय संस्थाले सहयोग पुऱ्याएको देखियो र त्यसका बारेमा विद्यार्थीले क्रियाकलापमा देखाए अनुसारको प्रतिवेदन तयार गर्न सक्ने अवस्था  छ । त्यसै गरी कानुनविद्सँग भेट गरी संविधानका बारेमा संवाद गर्ने भनेको छ । त्यो त्यस क्षेत्रमा सम्भव देखिएन । यस सम्बन्धमा विद्यार्थीहरुको प्रतिक्रियाअनुसार सामाजिक विषयमा दिएका विभिन्न क्रियाकलाप अनुसार शिक्षकले शिक्षण नगरेको गुनासो  पाइयो । छनोटमा परेका कतिपय विद्यालयका विद्यार्थीहरुले शैक्षिक भ्रमण गराउने भनेर दिएको तर विद्यालयले तथा विषय शिक्षकले शैक्षिक भ्रमण नगराएको गुनासो व्यक्त गरे । त्यसै गरी पाठ्यपुस्तकमा नभएका क्रियाकलाप गर्नुपर्ने भएकाले धेरै स्रोत सामग्रीको आवश्यकता भएको जवाफ दिए । यस्तो अवस्थामा शिक्षक निर्देशिका अत्यन्त सान्दर्भिक हुने बताए ।

**विद्यार्थीको प्रतिक्रिया**

शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सन्दर्भमा सहभागी विद्यार्थीहरुको धारणाहरु केही मिल्दा जुल्दा थिए । सामाजिक विषयमा पढेका विषयवस्तु तिम्रो स्थानीय परिवेशसँग मिल्दा जुज्दा छन भन्ने प्रश्नको जवाफमा ३१ जना विार्थीहरुले मिल्दा जुज्दा छन भने र ५ जना विद्यार्थीहरुले केही अमिल्दा भएको बताए ।  त्यसै गरी शिक्षक निर्देशिकाले निर्दिष्ट गरेका क्रियाकलापहरुलाई विषय शिक्षकहरुले नगराएको १५ जना विद्यार्थीहरुले प्रतिक्रिया दिएका थिए भने २१ जना प्रतिशत विद्यार्थीहरुले क्रियाकलाप गर्न लगाए पनि स्थानीय परिवेशका विषयवस्तुसँग मेल खान नसक्ने भएकाले क्रियाकलाप गर्न गाह्रो भएको बताए । विषयशिक्षकहरुले प्रतिवेदन तयार पारी ल्याउनु भने तापनि १३ जना विद्यार्थीहरुले मात्र ती क्रियाकलाप गर्ने गरेको बताए । क्रियाकलाप गरेर ल्याउने भनेर १ जना विषयशिक्षकले भनेको विद्यार्थीले जवाफ दिए । सामाजिक विषयमा हाम्रो जीवनपद्दतिसँग मेल खाने व्यवहारिक ज्ञान दिलाउने खालका विषयवस्तुहरु राखिएको ३१ जना विद्यार्थीले उत्तर दिएका थिए भने ५ जना विद्यार्थीहरुले ती विषयवस्तु सवै स्थानीय परिवेशसँग मेल खान नसक्ने भएकाले व्यवहारिक ज्ञान प्राप्त गर्न नसकिने उत्तर दिएका थिए ।

कक्षा शिक्षण एवम् विद्यालय अवलोकन फाराम अनुसूची ५ अनुसार शिक्षक निर्देशिकाको स्थानयि सान्दर्भिकता, प्रयोग र प्राप्तिको अवस्थालाई अवलाकेन गर्दा ३ वटा विद्यालयको ३ पटक कक्षा अवलाकेन गरेको थियो । जसअनुसार उच्च मा.वि. होलेरीको कक्षा ९ मा २ पटक कक्षा १० मा एकपट गरी ३ पटक कक्षा अवलाकेन गर्दा कक्षा ९ को

सामाजिक विषयको एका ५ को नागरिक चेतना अन्तर्गत मौलिक हक र कर्तव्य पाठमा विषय शिक्षकले शिक्षण गर्दा शिक्षक निर्देशिका अनुसार क्रियकलाप गराएको देखिन । पाठमा दिएको क्रियाकलापले तपाईको समुदायका कुनै पनि व्यक्ति प्रथा, परम्परामा प्रचलनको नाममा वा कुनै पनि किसिमको शोषणमा परेको हुन सक्छ । त्यसको खोजी गरी प्रतिवेदन तयार पार भनेकोमा त्यो क्रियाकलाप गराउनुभएन । त्यसैगरी एकाइ ८ को आर्थि क्रियाकलापमा पनि उद्योग भन्ने शीर्षकमा तपाईको इलाकामा उद्योग गर्ने महिला समूह हुनसक्छ । स्थानीय बासिन्दासँग सोधी कामको सुरुवात कहिलेभयो काम बाट के के वस्तु उत्पादन हुन्छन् ? प्रस्तुत गर्नुहोस् भन्ने क्रियाकलाप गराउनु भएन । इकाइ ९ को अन्तराष्ट्रिय समझदारी शीर्षकमा भन्ने पाठमा भूकम्पबाट बच्नका लागि स्थानीय समुदायको सन्दर्भमा कस्ता उपायहरु अपनाउने क्रियाकलाप शिक्षक निर्देशिका अनुसार नभइ आफ्नै तरिकाले सिकाउनु भयो ।

त्यसैगरी अरनिको उ.मा.वि. नुवागाउँ र भीमसेन मा.वि. सैवाङमा पनि कक्षा अवलाकेन गर्दा खास भिन्नता देखिएन । अरनिको उ.मा.वि. नुवागाउँमा कक्षा १० को एकाइ ७ हाम्रो विगत शीर्षकको “वि.सं २०१७- ३६ सालसम्मका राजनैतिक घटनाहरु” भन्ने पाठमा समुदायमा रहेका बुढापाकाहरुसँग प्रश्नावली तयार गरि २०३७ सालको जनमत सङ्ग्रहको विषयमा सोध्नुहोस भन्ने क्रियाकलाप दिएकोमा त्यो क्रियाकलाप गराएको देखिएन । भिमसेन मा.वि. को कक्षा ९ को एकाइ ८ मा “आर्थिक क्रियाकलाप” शीर्षकको कृषिका समस्याहरु भन्ने पाठमा दिएको क्रियकलापमा स्थानीय समुदायको कृषि समस्या बारे शिक्षक निर्देशिका अनुसार शिक्षण गरेको देखिएन । अन्य २ वटा कक्षा अवलोकन राम्रै देखियो । यसरी स्थानीय समुदायसँग मिल्दा जुल्दा विषयवस्तुलाई क्रियाकलापमा राखेर गराउन भनी शिक्षक निर्देशिकाकाले निर्देशन गरे तापनि त्यसका अनुसार गराउन नसक्नुका कारणहरु तथा शिक्षक निर्देशिकाको सान्दर्भिकतालाई कम गराउन खोज्नुका कारणहरु शिक्षकका लागि तयार पारिएका प्रश्नावली अनुसूची २ अनुसारका आधारमा शिक्षकबाट प्रतिक्रिया प्राप्त भएको थियो ।

समग्र रुपमा सामाजिक विषय शिक्षक निर्देशिका स्थानीय परिवेशका विभिन्न पक्षहरुलाई समेटेर तयार पारिएको देखिए तापनि यसलाई सहज रुपमा उपलब्ध गराएर प्रयोग गरी शिक्षण कार्य गर्न सकिएमा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकतामो महत्व रहने देखियो ।

# अध्याय छ

# प्राप्ति, निष्कर्ष र सुझावहरु

माध्यमिक तहमा समाजिक विषय शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी विषयमा अध्ययन गर्ने क्रममा रोल्पा जिल्लाको दक्षिण भेगमा पर्ने ३ वटा गा.वि.स. झेनाम, नुवागाउँ र दुबिडाँडा मा अवस्थित २ वटा सामुदायिक उच्च मा.वि. र १ वटा मा.वि. अन्तर्गत रहेर त्यस क्षेत्रको स्थानीय सान्दर्भिकतालाई अध्ययन गर्ने कार्य गरिएको थियो । अध्ययनको क्रममा त्यस ठाउँका विद्यालयका प्र.अ. शिक्षक र विद्यार्थीसँग अन्तर्वार्ता , छलफल प्रश्नोत्तर र अवलाकेन गरी सूचनाहरु सङ्कलन गरिएको थियो । त्यस ठाउँको स्थानीय परिवेश अनुसार शिक्षक निर्देशिको प्राप्ति तथा प्रयोग र सान्दर्भिक छ छैन भनी गरिएको अध्ययनबाट देखिन आएका प्राप्ति, निष्कर्ष र सुझावहरुलाई तल प्रस्तुत गरिएको छ :

## ६.१ प्राप्ति

रोल्पा जिल्लाको दक्षिण भेगमा गरिएको यस अध्ययनकार्यले शिक्षक निर्देशिका सम्बन्धि केही महत्वपूर्ण उपलब्धिहरु प्राप्ति भएका छन् । धेरैजसो प्राप्त भएका उत्तरहरु, प्रतिक्रियाहरुबाट शिक्षक निर्देशिका सम्बन्धी धेरै जानकारी प्राप्त भएका छन् । शिक्षक निर्देशिका सम्बन्धी जानकारी नभएकाहरुलाई थप जानकारी प्रदान गरेको छ । शिक्षक निर्देशिकाको प्रयोग विना शिक्षण कार्य अपुरो हुने र त्यस्तो अपुरो शिक्षणकार्यबाट शिक्षण प्रभावकारी हुन नसक्ने भएकोले यसको प्रयोग गर्नुपर्दछ भन्ने कुरा व्यक्त गरेको देखियो ।

स्थानीय परिवेशको प्रत्येक पक्षसँग सम्बद्ध भएर त्यसैका आधारमा शिक्षक निर्देशिकाले कार्य गर्न सक्ने नसक्ने बारेमा अध्ययन कार्य गरियो । छनौटमा परेका प्र.अ., शिक्षक र विद्यर्थीबाट प्राप्त भएका सूचनाहरु र स्वयम शोधकर्ताको अवलोकन अनुभव र विभिन्न सहायक स्रोतहरुबाट प्राप्त भएका सूचनाहरु नै यस अध्ययन विषयका प्राप्तिहरु हुन् ।

माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगका अवस्था र स्थानीय सान्दर्भकिताको अवस्थाका बारेमा निम्न अनुसारको प्राप्तिहरु पाइयो ।

**शिक्षक निर्देशिकाको प्राप्ति र प्रयोगको स्थिति**

शिक्षक निर्देशिकाको प्रयोग र प्राप्तिको स्थिति सम्बन्धी निम्न प्राप्तिहरु भएको पाइयो ।

१. शिक्षक निर्देशिका विद्यालयहरुमा कम संख्यामा उपलब्ध भएको पाइयो, अर्थात् उ.मा.वि. होलेरीमा कक्षा १० को १ र उ.मा.वि. नुवागाउँमा कक्षा ९ र १० का २ वटा मात्र उपलब्ध भएको पाइयो । शिक्षक निर्देशिकाहरु पनि नयाँ पाठ्यपुस्तक परिमार्जन अनुसार प्रकाशन नभएका पुराना शिक्षक निर्देशिका मात्र उपलब्ध भएको पाइयो ।

२. शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता हुँदा हुँदै पनि यसको प्राप्तिमा विद्यालयले खासै चासो दिएको देखिएन । शिक्षक निर्देशिका प्राप्तिका लागि विद्यालयका प्र.अ., शिक्षकहरुको जिम्मेवारी भए पनि जिल्ला शिक्षाकार्यालय तथा अन्य पुस्तकपसलमा सहज रुपमा नपाइने भएकाले उपलब्ध गराउन नसकिएको जानकारी प्राप्त भएको थियो ।

३. शिक्षक निर्देशिकाको प्रयोगको अवस्था अत्यन्तै न्यून अर्थात उच्च मा.वि. होलेरीको ३ पटकको कक्षा अवलोकन बाट १ पटक अरनीको उ.मा.वि.को ३ पटक कक्षा अवलोकनबाट २ पटक प्रयोगगरेको अवस्था देखियो भने भिमसेन मा.वि. मा  प्रयोग गरिएको देखिएन् ।

४. शिक्षक निर्देशिकाको प्रयोग कम हुनुको कारणहरुमा शिक्षक विदामा वस्दा समयमै Course पूरा नहुने तालिममा जानुपर्दा कहिलेकाहिँ बन्द हडतालका कारण शिक्षकले आफ्नै तरिकाले पाठयपुस्तकका मात्र प्रयोग गरि शिक्षण गरेको पाइयो ।

५. शिक्षकहरुले कक्षा शिक्षण गर्दा पाठयोजना तयारी बिना कक्षा शिक्षण गरेको पाइयो । पाठयोजना तयार नगरी शिक्षण गर्नुका कारणमा पाठयोजना तयार गरि शिक्षण गर्न समय बढि लाग्ने र झन्झटिलो हुने हुनाले त्यसो नगरेको प्रतिक्रिया प्राप्त भायो ।

६. शिक्षक निर्देशिकाको प्रयोग गरि शिक्षण गर्न सकेमा शिक्षण कार्य प्रभावकारी

हुने विचार सबै सरोकारवालाहरुले व्यक्त गरेको पाइयो ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको स्थिति**

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी भौगोलिक स्थिति**

यस क्षेत्रको भौगोलिक अवस्थालाई शिक्षक निर्देशिकाले स्पष्टसँग समेटन खोजेको देखिए तापनि कार्यान्वयन तहमा अत्यन्तै फितलो देखियो । भौगोलिक वनावटका आधारमा ससाना खोंच, उपत्यका र अग्ला पहाडहरुले घरेको भूभाग भएकाले यस ठाउँको हावापानी पनि विभिद प्रकारको पाइन्छ । उष्ण किसिमको हावापानी, समशितोष्ण किसिमको हावापानी र शीतप्रदेशीय हावापानी यस क्षेत्रमा पाइन्छ । तर पनि सामाजिक विषय पढ्ने विद्यार्थीहरुलाई यस सम्बन्धी पूरा ज्ञान भएको देखिएन । विषय शिक्षकले यस्ता पक्षहरुबारे जानकारी गराएको पाइएन ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी सामाजिक स्थिति**

स्थानीय सान्दर्भिकता सम्बन्धि तीनवटा गा.वि.स.को सामाजिक अवस्था, त्यस क्षेत्रमा वसोवास गर्ने जातजातीगत विवरण, सामाजिक संस्कार, रहनसहन, भेषभुषा, लैङ्गिक विभेद, दाइजो प्रथा र द्वन्द्व  जस्ता समस्याहरु देखिए पनि त्यसलाई न्यूनीकरण गर्नका लागि विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरु क्रियाशिल भएको अध्ययनबाट पाइयो । यस्ता सामाजिक समस्याहरुलाई न्यूनीकरण गर्नका लागि सामाजिक अध्ययन शिक्षक निर्देशिकाले स्पष्टसँग निर्दिष्ट गरेका कुराहरुलाई विषय शिक्षकले सोही रुपमा शिक्षण गरी न्यूनीकरण गर्न सक्ने देखियो ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भकिता सम्बन्धी शैक्षिक स्थिति**

यस क्षेत्रको शैक्षिक अवस्था सम्बन्धी अध्ययनबाट निम्न प्राप्तिहरु भएका छन :

महेन्द्र उच्च मा.वि. होलेरी स्रोतकेन्द्र अन्तर्गतका ३ वटा गा.वि.स. को शैक्षिक स्थिति प्राप्त भएको छ। ती तीनवटा गा.वि.स. को निरक्षर संख्या १५-६० वर्षसम्म र ६० वर्षदेखि माथि को निरक्षर संख्या प्राप्त भएको छ । जसमध्ये पुरुष र महिला बीचको निरक्षर संख्यालाई पनि देखाइएको छ । त्यसै गरी अरनिको उच्च मा.वि. नुवागाउँ स्रोतकेन्द्र अन्तर्गत २ वटा गा.वि.स. को शैक्षिक स्थिति प्राप्त भएको छ। जसमध्ये ती २ वटा गा.वि.स.

का निरक्षरता संख्या १५-६० र ६० वर्षभन्दा माथिको निरक्षर संख्या महिला रपुरुष दुवैको फरक परक रुपमा देखाइएको छ ।

अध्ययन क्षेत्रका गा.वि.स.हरुको वडाको जनसंख्या, घरधुरी ५ वर्षदेखि १५वर्ष उमेर समूहका बालबालिकाहरुमा स्कुल गएको र नगएको संख्या , कक्षा ५ उत्तीर्ण गरेको संख्या , सामान्य लेखपढ गर्न सक्ने संख्या, कक्षा ८ उत्तीर्ण संख्या एस.एल.सी. र सोभन्दा माथिको संख्या र कुल निरक्षर संख्या प्राप्त भएको छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्था कमजोर भएको र त्यसलाई सुधार गरी साक्षरता प्रतिशत बढाउने विचारहरु व्यक्त गरेको पाइयो ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी धार्मिक तथा सांस्कृतिक स्थिति**

धार्मिक आस्था र विशवास गर्ने पुराना पुस्ताले अंगालेको संस्कारप्रति नयाँ पुस्ताले वेवास्ता गरेको र धर्म मान्नेहरुमा सबैभन्दा बढी हिन्दू, त्यसपछि क्रमशः बौद्ध, क्रिश्चियन र मुश्लिम रहेको पाइयो । धार्मिक तथा पूरातात्विक र पर्यटकीय सम्पदाहरु स्वर्गद्वारी, गढीलेक, रुन्टी आदि यही क्षेत्रमा अवस्थित रहेका छन् । धार्मिक तथा साँस्कृतिक र पर्यटकीय विकास र संरक्षणका लागि पाठ्यपुस्तक तथा शिक्षक निर्देशिकामा स्पष्ट रुपमा उल्लेख गरिएकाले त्यस्ता क्षेत्रहरुका बारेमा विद्यार्थीहरुलाई जानकारी गराई ती सम्पदाहरुको महत्व एवम संरक्षण गर्न सहयोग मिल्ने देखियो ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता सम्बन्धी आर्थिक स्थिति**

आर्थिक पक्षकाको अध्ययनबाट त्यस क्षेत्रको मुख्य पेशा कृषि र त्यसपछि क्रमशः व्यापार, वैदेशिक रोजगार र मजदुरी गरी जीवननिर्वाह गरेको देखियो । शिक्षक निर्देशिकामा एउटा एकाई आर्थिक क्रियाकलाप भएकाले त्यस शीर्षकमा विद्यार्थीहरुलाई शिक्षण गराउँदा स्थानीय परिवेशको आर्थिक क्रियाकलापसम्बन्धी उदाहरुण दिएर शिक्षण गराएमा सघाउ पुऱ्याउने भन्ने उल्लेख रहेको पाइयो । आर्थिक अवस्था राम्रो भएका व्यक्तिहरु वसाइ सराई गरी सुविधायुक्त ठाउँमा गएको पाइयो र त्यस क्षेत्रमा आर्थिक अवस्था सुधार गर्नका लागि सहयोग पुऱ्याउने विभिन्न संघसंस्थाहरु क्रियाशिल भएको देखियो । जुन शिक्षक निर्देशिकामा पनि उल्लेख गरिएको पाइन्छ ।

माथि उल्लेखित विभिद पक्षहरुको अध्ययन अवलोकनबाट के स्पष्ट देखियो भने शिक्षक निर्देशिका लेखिएका कुराहरुलाई राम्रोसँग शिक्षकले कार्यान्वयन गराउन सकेको खण्डमा शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकताको सार्थकता रहने देखियो ।

**शिक्षक निर्देशिकाको स्थानीय सान्दर्भिकता कायम गराउने उपायहरु :**

शिक्षक निर्देशिकाको प्रयोग कम गर्ने भएका ले यसके स्थानीय सान्दर्भिकता मा पनि कमि आएको देखिन्छ । विषयशिक्षक हरुले विविध कारण देखाइ शिक्षक निर्देशिका अनुसार नियमित शिक्षण गर्न नसक्ने र पाठ्यपुस्तकका आधारमा शिक्षण गर्ने बानि भएको पाइएकाले स्थानीय तहमा तथा सम्बन्धित अध्ययन क्षेत्रमा प्रयोगको कमिकाकारण सान्दर्भिकमा कमि देखिन्छ ।

पाठ्यपुस्तकमा समावेस गरिएका धेरै विषय बस्तुहरु स्थानीय समूदायका क्रियाकलापसँग मिल्दाजुल्दा भएकाले त्यस्ता विषयवस्तुका आधारमा शिक्षक निर्देशिका पनि तयार गरेकाले त्यस सामग्रीलाई प्रयोगगरी शिक्षण गराउँदा शिक्षण प्रभावकारी हुने र शिक्षक निर्देशिकाको पनि महत्व बढ्न जाने विचारहरु व्यक्ति भएको पाइयो । शिक्षक निर्देशिकाको सान्दर्भिकता हुँदाहुँदै पनि यसको प्रयोग गरि शिक्षण गर्नका लागि शिक्षकहरुका कठिनाइ हरुलाई समाधान गरि प्रयोग गर्न सक्ने सहज वातावरण निर्माण गर्न राज्यको पनि भूमिका हुने विचार पाइयो ।

## ६.२ निष्कर्ष

रोल्पा जिल्लाको दक्षिण भेगमा अवस्थीत ३ वटा सामुदायि माध्यमिक विद्यालय र त्यस क्षेत्रको स्थानीय परिवेश अनुसारका विभिन्न पक्षहरु को अध्ययन गरि त्यसैका आधारमा माध्यमिक तहको सामाजिक विषय शिक्षक निर्देशिकाको प्राप्ती र प्रयोग तथा स्थानीय सान्दर्भिकता सम्बन्धी निष्कर्ष निकालिएको थियो ।

सामाजिक विषयका शिक्षक निर्देशिका को प्राप्ति र प्रयोगको अवस्थाको अध्ययन अवलोकन बाट के देखिन्छ भने शिक्षक निर्देशिकाको प्राप्ती अत्यन्तै कम छ अर्थात अध्ययन क्षेत्रका ३ वटा विद्यालयको शिक्षक निर्देशिका संख्या उ.मा.वि. होलेरीमा कक्षा १० को पुरानो १ थान मात्र छ र उ.मा.वि. नुवागाउँमा पुरानो ९ र १० गरी २ वटा छन् भने मा.वि. सैवाङमा दुवै कक्षाका शिक्षक निर्देशिका देखिएनन् र प्रयोगका अवस्था कक्षा अलालोकनबाट उ.मा.वि. होलेरीमा ३ पटकको कक्षा अवलोकन र उ.मा.वि.नुवागाउँमा २ पटक मात्र प्रयोग भएको देखिन्छ । मा.वि. सैवाङमा भने प्रयोग नै भएको छैन । अतः विद्यालयहरुका शिक्षक निर्देशिका हरु कम मात्रामा भएको पाइयो । त्यसमा पनि प्रयोग गरेको अवस्था भने अत्यन्त

कम देखिन्छ । विषयमा उल्लेख गरिएका क्रियाकलापहरुलाई विद्यार्थी माझ लगेर कार्यान्वयन गरेको अवस्था छैन । शिक्षक निर्देशिकाको प्रयोग र कार्यान्वयन सहिरुपमा भएको देखिदैन । शिक्षकहरुको शिक्षण कार्यको एक मात्र साधन पाठ्यपुस्तक देखिन्छ । शिक्षकहरुले शिक्षक निर्देशिकाको प्रयोग कम गर्नुमा विभिन्न कारणहरु प्रस्तुत गरेको देखियो । शिक्षक निर्देशिका प्रयोग गरी शिक्षण कार्य प्रभावकारी हुन्छ भन्ने मान्यता हुँदा हुँदै पनि कार्यान्वयन गर्न नसक्नु मुख्य कमजोरी लापरवाही देखिन्छ । तैपनि यसलाई बढी प्रयोग र कार्यान्वयन गर्नमा सक्रिय हुनु पर्दछ भन्ने देखियो ।

स्थानीय परिवेश अनुसार सामाजिक विषयमा भएका विषय वस्तुहरु मिल्दाजुल्दा देखिइएता पनि शिक्षक निर्देशिकाले निर्दिष्ट गरे अनुसारको क्रियाकलाप विद्यालयको शिक्षण क्रियाकलापमा गरेको देखिएन । स्थानीय परिवेशसँग मिल्दा जुल्दा शैक्षिक पक्ष, धार्मिक तथा सांस्कृतिक पक्ष, भौगोलिक पक्ष, आर्थिक पक्ष र सामाजिक पक्षलाई विषयवस्तुमा समेटेको देखिन्छ । सामाजिक विषयमा भएका सैद्धान्तिक पक्षलाई बढि महत्व दिइएको र त्यसमा भएका व्यवहारिक पक्ष जुन बढि क्रियाकलापमुखि छन् । त्यस्ता क्रियाकलापमूखि पक्षलाई महत्व दिएको देखिएन । शिक्षक निर्देशिकाले स्थानीय विषयवस्तु तथा परिवेशलाई बढि जोड दिएको ले यसको सान्दर्भिकतालाई कम आकलन गर्न मिल्दैन । तै पनि कतिपय विषयवस्तुहरुलाई भने स्थानीय परिवेश अनुसार समायोजन गर्न सकेको देखिदैन । सामाजिक विषयको अध्ययन क्षेत्र व्यापक भएकाले सबै क्षेत्र र विषयवस्तुलाई समेटेर अध्ययन अध्यापन गराउदा विषय वस्तुमा भएका कतिपय कुराहरु छुट्न गएका देखियो । स्थानीय सामजिक परिवेश अनुसार त्यस ठाउँको शैक्षिक स्थिती को तथ्याङ्क अनुसार शिक्षाको अवस्था कमजोर देखिन्छ । रोजगारीको सम्भावनाहरु त्यस क्षेत्रमा नभएकाले भारतका विभिन्न ठाउँहरुमा र केहि छुट्पुट विदेशमा समेत कामका लागि गएको पाईन्छ । धार्मिक साँस्कृतिक मूल्य मान्यतालाई अधिल्लो पुस्ता ले मानेता पनि पछिल्लो पुस्ता ले त्यति महत्व दिएको देखिदैन । धार्मिक मूल्यमान्यता प्रति आस्था र विश्वास घटाउनेमा केहि हदसम्म राजनैतिक द्वन्द्वले पनि प्रभाव पारेको देखिन्छ । माओबादी युद्धका समयमा उनीहरुको राजनैतिक प्रशिक्षणले समेत धार्मिक मूल्य मान्यता आस्था र विश्वास प्रति प्रभाव पारेको हो । तै पनि अहिले आएर क्रमश आफ्नो धार्मिक, साँस्कृतिक मूल्यमान्यतालाई संरक्षण गर्नु पर्छ आस्था र विश्वास गर्नु पर्दछ भन्ने मान्यताको विश्वाश भएको पाइयो । त्यसमा केहि हदसम्म सामाजिक विषयको पाठ्यक्रमले पनि सहयोग गरेको छ । सामाजिक

विषयको अध्ययन अध्यानपनले बालबालिकाहरुको व्यवहारमा परिवर्तन ल्याउन सकेमा यस विषयको सार्थकता र सान्दर्भिकता बढन जाने देखिन्छ । जुन शिषक निर्देपिशकामा सामाजिक अध्ययनका विभिन्न पक्षरुलाइ समेटेर कसरी तिनीहरुलाई स्थानीय परिवेश अनुसार शिक्षण गराउँदा प्रभावकारी हुन्छ भन्ने बारेमा निर्देशन गरेको छ ।

**६.३ सुझाव**

यस अध्ययनको क्रममा विभिन्न चरणहरुमा प्राप्त भएका सूचनाहरुको विश्लेषण गर्दा निम्नानुसारका सुझावहरु प्रस्तुत गरियो ।

- सामाजिक विषयको नयाँ पाठ्यक्रम परिमार्जन भएपछि शिक्षक निर्देशिका पनि तयार गरेर प्रत्येक विद्यालयमा पुग्नु पर्ने मा अहिले सम्म त्यसो भएको  देखिएन । शिक्षक हरुले शिक्षक निर्देशिका विना पढाई गरको देखियो । तसर्थ नयाँ पाठ्यपुस्तक का साथ साथै शिक्षक निर्देशिका पनि तुरुन्तै तयार पारेर विद्यालयमा पठाउनु पर्ने देखिन्छ ।
- हाल सम्म तयार पारेका नि.मा.वि. तहसम्म का शिक्षक निर्देशिकालाई विद्यालयले आफै किनेर लैजानु पर्ने देखियो । त्यसै अनुसार मा.वि. तहका शिक्षक निर्देशिका यस शैक्षिक वर्षदेखि तयार गरेर प्रयोगमा ल्याउन लागेको देखिन्छ । ती शिक्षक निर्देशिका पनि विद्यालयलले वा शिक्षकले आफै किनेर प्रयोगमा ल्याउनु पर्ने  देखिन्छ । जुन आफै किनेर प्रयोग गर्ने सम्भावना अत्यन्त न्यून देखिन्छ । यसका लागि राज्यले पहिले झै समय मै निःशुल्क विद्यालयमा उपलब्ध गराई प्रभावकारी प्रयोगमा ल्याउन निर्देशन दिनुपर्ने देखिन्छ ।
- शिक्षकहरुलाई पेशागत क्षमता आभिवृद्धिका लागि समय समयमा पूर्नताजगी तालिम दिनु पर्दछ । उनीहरुलाई बेलाबेलामा तालिम दिएमा शिक्षण गर्ने तरिकामा सुधार हुनेछ र शिक्षक निर्देशिकाको प्रयोग पनि प्रभावकारी हुनेछ ।
- विद्यालयको व्यवस्थापन पक्षमा सुधार गरि पठनपाठनलाई व्यवस्थीत गर्न सकेमा शिक्षक निर्देशिकाको प्रयोगको अवस्था प्राप्तीको अवस्थामा पनि सुधार हुने देखिन्छ । यसका लागि विद्यालय को निरीक्षणको जिम्मा पाएको जिल्लाशिक्षा कार्यालय र त्यस अन्तर्गत का विद्यालय निरीक्षक, श्रोतव्यक्ति नाम मात्रका भएका छन् । तिनीहरुको काम प्रभावकारी हुन सकेको छैन । त्यसमा सुधार गर्नु पर्ने देखिन्छ ।

- विद्यालयको पठन पाठन लाई व्यवस्थीत गर्न विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति लाई पनि बढि जवाफदेही बनाउनु पर्ने देखिन्छ ।
- शिक्षकहरुले शिक्षक निर्देशिकाका आधारमा दैनिक पाठयोजना बनाई कक्षा शिक्षण कार्य प्रभावकारी हुने भएका ले त्यसै अनुरुप शिक्षण गर्नु पर्ने हुन्छ ।
- विद्यार्थीहरुलाई विषयवस्तुमा दिइएका क्रियाकलापहरु गराउदा स्थानीय क्रियाकलापमा आधारित भइ गराउँदा उनीहरुलाई स्थानीय विषयवस्तु सँग बढि परिचीत हुने र त्यस विषयवस्तुको महत्व पनि बढन जाने भएकाले शिक्षण कार्यलाई क्रियाकलापमूखी बनाउनु पर्दछ ।
- सामाजिक अध्ययनमा पढनु पर्ने कतिपय विषयवस्तुहरु विद्यार्थीहरुले आफ्नो ठाउँमा देखेको हुदैनन् र पाइदैन पनि त्यस्ता विषयवस्तुहरुको जानकारी प्राप्त गर्न शैक्षिक भ्रमण तथा अवलोकन गराउनु पर्ने देखिन्छ ।
- शिक्षक निर्देशिकाको स्थानीय परिवेश सँग सम्बन्धित विभिन्न क्रियाकलाप लाई विषय बस्तुमा समेटिए पनि त्यस्ता क्रियाकलाप कितावमा नै सिमित भएको देखिन्छ ति क्रियाकलापहरु लाई शिक्षक निर्देशिकाले बताए अनुसार कक्षा शिक्षणमा विद्यार्थीहरुलाई क्रियाकलाप गर्न लगाई उनीहरुलाई सक्रिय बनाउन सकिन्छ ।
- स्थानीय समूदाय का जीवनपद्धतीसँग मिल्दाजुल्दा क्रियाकलाप गर्न लगाई विषय वस्तुको महत्व बढ्न जान्छ र विद्यार्थीहरुलाई समेत त्यस विषयवस्तुको महत्व वुझ्न सक्छन् ।
- स्थानीय समूदायको शैक्षिक र आर्थिक अवस्थालाई सुधार गर्न लाई उनीहरुको शिक्षा प्रतिको आकर्षण बढाउनु राज्यले विभिन्न लाभ मूलक कार्यमूलक चेतनामूलक र सीप मूलक कार्यक्रमहरु संचालन गर्नु पर्दछ ।
- त्यस ठाउँको धार्मिक तथा साँस्कृतिक पक्षलाई संरक्षण र सम्बद्धन गर्न विशेष खालको कार्यक्रम लैजानु पर्दछ । सामाजिक विषयमा उल्लेख भएका विषयवस्तुका वारेमा शिक्षकले विद्यार्थीहरुलाई बढि महत्वका साथ जोड दिई शिक्षण गर्न सकेमा उनीहरुलाई पनि संरक्षण र सवद्धन गर्न प्रेरित मिल्ने देखिन्छ ।
- विद्यालय क्षेत्रमा देखापर्ने बन्द, हडताल, द्वन्द जस्ता कार्यहरुबाट शिक्षा क्षेत्रलाई अलग राखिनु पर्दछ । विद्यालय क्षेत्रलाइ शान्तीक्षेत्र भनिए तापनि त्यसो हुन सकेको छैन । शान्ती क्षेत्र बनाउनका लागि सवै पक्षको सहयोगको खाँचो देखिन्छ ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तर खस्कीरहेको अवस्थामा यसलाई समयमै सुधार गर्न सकिएन भने भविष्यमा ठूलो चुनौति देखा पर्द सक्दछ । तसर्थ, शैक्षिक क्षेत्रमा देखिएको जवाफहिनता र उत्तरदायित्वविहिन अवस्थालाई हटाई सबैलाई आ-आफ्नो काम र पेशाप्रति कर्तव्यनिष्ट र जवाफदेहि बनाउनु पर्दछ ।

# सन्दर्भसामग्री


अधिकारी, विष्णुप्रसाद (२०६०), *माध्यमिक तह अध्ययन अनुमति पत्र,* काठमाडौंः आशिष पुस्तक भण्डार, बागबजार ।

उपाध्याय, श्रीराम (२०५७), सामजिक शिक्षा शिक्षक निर्देशिका कक्षा ९ र १०, भक्तपुर : जनक शिक्षा सामाग्री केन्द्र ।

थापा, एन.पी. (२०५४), *शिक्षाशास्त्र र नेपालमा शिक्षा, बौद्धिक संसार,* पुतलीसडक : विद्यार्थी पुस्तक भण्डार ।

पण्डित, दिनानाथ (२०५३), *सामजिक अध्ययन शिषण एक विषयः अनेक विधि,* काठमाडौं : आशिष पुस्तक भण्डार, बागबजार ।

पराजुली, तीर्थराज (१९९९), *नेपालमा प्राथमिक शिक्षा पाठ्यक्रमको सान्दर्भिकता, विद्यावारिधि शोधपत्र,* केन्द्रीय पुस्तकालय, कीर्तिपुर, काठमाडौं

पौडेल, यमुना (२०६५), *कक्षा ७ को जनसंख्या तथा वातावरण विषयको शिक्षक निर्देशिका प्रयोग,* अप्रकाशित शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

भण्डारी, विष्णुप्रसाद (२०६४), *माध्यमिक विद्यालयको विज्ञान विषयमा प्रयोगात्मक पक्षको शिक्षण एवम् मूल्याङ्कन,* शोधपत्र त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

भण्डारी, हरिन्द्रबहादुर (२०६५), *प्राथमिक तहको शक्षिक निर्देशिकाको प्रयोगको स्थिति,* स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

शर्मा, दण्डपाणि (२०५९), *प्राथमिक शिक्षक अध्ययन अनुमति दिगदर्शन,* काठमाडौंः आइन्स्टाइन प्रकाशन ।

*शिक्षा जगतको पत्रिका* (२०६३) पाठ्यक्रम विकास केन्द्र, सानो ठिमी, भक्तपुर ।

सिंह, विजयकुमार (२०६३), *निम्नमाध्यमिक तहको जनसंख्या तथा तावारण शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकको सान्दर्भिकता ,* स्नातकोत्तर तहको शोधपत्र, त्रि.वि., कीर्तिपुर ।

## अनुसूचीहरु

### अनुसूची १ (क)

### छनोटमा परेका विद्यालयहरुको नाम

| क्र.सं. | विद्यालयको नाम | गा.वि.स. |
|---|---|---|
| १ | श्री महेन्द्र उचच मा.वि. होलेरी, रोल्पा | झेनाम |
| २ | श्री अरनीको उच्च मा.वि. नुवागाउँ , रोल्पा | नुवागाउँ |
| ३ | श्री भिमसने मा.वि.सैवाङ, रोल्पा | दुविडाँडा |

### अनुसूची १ (ख)

### छनोटमा परेका प्र.अ. को नाम

| क्र.सं. | विद्यालयको नाम | योग्यता | तालिम | विद्यालय |
|---|---|---|---|---|
| १ | श्री रुद्र कुमार सुवेदी | बी.ए, बी.एड. | प्राप्त | श्री महेन्द्र उच्च मा.वि. होलेरी |
| २ | श्री शिवनारायण मण्डल | बी.एस्सी. | प्राप्त | श्री अरनीको उच्च मा.वि. नुवागाउँ , |
| ३ | श्री चित्रबहादर बस्नेत | आई.ए | प्राप्त | श्री भिमसने मा.वि.सैवाङ, रोल्पा |

### अनुसूची १ (ग)

### छनोटमा परेका शिक्षकको नाम

| क्र.सं. | विद्यालयको नाम | योग्यता | तालिम | विद्यालय |
|---|---|---|---|---|
| १ | श्री गनबहादर वली | बी.ए, बी.एड. | प्राप्त | श्री महेन्द्र उच्च मा.वि. होलेरी |
| २ | श्री खिमबहादुर बुढा | बी.ए, बी.एड. | प्राप्त | श्री अरनीको उच्च मा.वि. नुवागाउँ , |
| ३ | श्री भिमबहादुर दशौदी | बी.ए, बी.एड. | प्राप्त | श्री भिमसने मा.वि.सैवाङ, रोल्पा |

## अनुसूची १ (घ)

<table>
<tr><td>९</td><td>रुपालाल डाँगी</td><td>९</td><td>श्री महेन्द्र उच्च मा.वि. हो छनोटमा परेका विद्यार्थीको नाम
<table>
<tr><th>क्र.सं.</th><th>विद्यार्थीको नाम</th><th>कक्षा</th><th>विद्यालय</th></tr>
<tr><td>१</td><td>प्रेम प्रकाश घर्ती</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>२</td><td>रुकमती गिरी</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>३</td><td>मधु पुन</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>४</td><td>धर्मराज वि.क.</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>५</td><td>यमूना वली</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>६</td><td>राम बहादुर नेपाली</td><td>१०</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>७</td><td>रामप्रसाद घर्ती</td><td>९</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
<tr><td>८</td><td>भिमा रोका</td><td>९</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
</table>
लेरी</td></tr>
<tr><td>१०</td><td>श्याम कुमार पुन</td><td>१०</td><td>श्री अरनीको उच्च मा.वि. नुवागाउ</td></tr>
<tr><td>११</td><td>विमला बाँडा</td><td>१०</td><td>श्री अरनीको उच्च मा.वि. नुवागाउ</td></tr>
<tr><td>१२</td><td>दलबहादुर के.सी.</td><td>१०</td><td>श्री अरनीको उच्च मा.वि. नुवागाउ</td></tr>
<tr><td>१३</td><td>विरवल के.सी.</td><td>९</td><td>श्री महेन्द्र उच्च मा.वि. होलेरी</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १४ | कल्पना पुन | ९ | श्री महेन्द्र उच्च मा.वि. होलेरी |
| १५ | रिमा बुढा | ९ | श्री महेन्द्र उच्च मा.वि. होलेरी |
| १६ | श्याम रेउले | १० | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| १७ | सीता वि.क. | १० | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| १८ | पार्वती डाँगी | १० | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| १९ | केशव बाडा | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| २० | कमला घर्ती | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| २१ | रुपचन बुढा | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| २२ | लालबहादुर वली | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २३ | खिममा थापा | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २४ | गजेन्द्र बोहरा | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २५ | भिषण बुढा | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २६ | नोखिराम वली | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २७ | गायत्री कार्की | १० | श्री भिमसने मा.वि.सैवाङ |
| २८ | पवित्रा बस्नेत | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| २९ | मिना बस्याल | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| ३० | प्रमोद के.सी. | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| ३१ | चन्द्र प्रकाश पुन | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| ३२ | झकेन्द्र डाँगी | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| ३३ | दिल कुमारी चन्द | ९ | श्री भिमसने मा.वि.सैवाङ |
| ३४ | निमा नेपाली | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| ३५ | काँसीराम खडका | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |
| ३६ | हरीबहादुर खडका | ९ | श्री अरनीको उच्च मा.वि. नुवागाउ |

## अनुसूची १ (ङ)

## अरनीको उच्च मा.वि.को स्रोतकेन्द्र नुवागाउँ

| गा.वि.स.को नाम | १५-६० निरक्षर | | | +६० निरक्षर | | | कुल निरक्षर | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | ज. | म. | पु. | ज. | म. | पु. | ज. |
| नुवागाउँ | ५०८ | २७६ | ७८४ | ६१ | ४४ | १०५ | ६७१ | २१८ | ८८९ |
| करेटी | ३११ | १०५ | ४१६ | ४९ | ३८ | ८७ | ३७० | १३३ | ५०३ |
| जम्मा | ८१९ | ३८१ | १२०० | ११० | ८२ | १९२ | १०४१ | ३५१ | १३९२ |

स्रोत साक्षरता अभियानका लागि स्रोतकेन्द्र सतरीय समष्टिगत फाराम, २०६७

## अनुसूची १ (च)

## झेनाम गा.वि.स. को साक्षरता विवरण :

| क्र.सं | वडा नं. | घर धुरी संख्या | वडाको जनसंख्या | ५ वर्ष पुराभइ १५ वर्ष उमेरसमूहका बालबालिकाको विवरण | | १५ वर्ष माथिका साक्षरताको संख्यात्मक विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालय गएका | विद्यालय नगएका | सामान्य ले खपढ गर्ने | कक्षा ५ उत्तीर्ण गर्ने | कक्षा ८ उत्तीण गर्ने | एस.एल.सी. र सो भन्दा माथि | निरक्षर | | |
| | | | | | | | | | | म. | पु. | ज. |
| १ | १ | १२३ | ७२४ | १९५ | ८ | १५१ | ६२ | ३० | ३५ | ९६ | ५० | १४६ |
| २ | २ | १०० | ६०३ | २६१ | ८५ | ७२ | ६० | २१ | २२ | १०१ | ४२ | १४३ |
| ३ | ३ | ७७ | ४८९ | १११ | १९ | १०९ | ४५ | ३५ | २२ | ५३ | १७ | ७० |
| ४ | ४ | १२१ | ६६८ | १९३ | ३३ | १५९ | ११४ | ४५ | १६ | ११८ | ९७ | २१५ |
| ५ | ५ | ८८ | ५४८ | १०८ | ७ | १३० | ५५ | ३१ | १५ | ७७ | ६३ | १४० |
| ६ | ६ | १७७ | ९७७ | २०६९ | १४३ | २१३ | ५४ | १३ | ५ | १३० | ५८ | १८८ |
| ७ | ७ | ११२ | ५७५ | २०२ | ८ | ७८ | ६८ | १६ | १२ | ५४ | ३३ | ८७ |
| ८ | ८ | ६६ | ४०७ | ७९ | १३ | ७७ | ४८ | ११ | ३ | ६५ | २२ | ८७ |
| ९ | ९ | ११३ | ७०९ | १७८ | ५६ | ११६ | ८९ | १२ | ४ | ११६ | ६८ | १८४ |
| झघ्घद्द | | ९७७ | ५६९३ | १५९६ | ३७० | १०९५ | ५९५ | २१४ | १३४ | ८१० | ४५० | १२६० |

स्रोत : साक्षरता अभियानका लागि गा.वि.स. स्तरीय समष्टिगत फाराम २०६७

# अनुसूची १ (छ)

## नुवागाउँ गा.वि.स. को साक्षरता विवरण

| क.सं | वडा नं. | घर धुरी संख्या | वडाको जनसंख्या | ५ वर्ष पुराभइ १५ वर्ष उमेरसमूहका बालबालिकाको विवरण | | १५ वर्ष माथिका साक्षरताको संख्यात्मक विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | विद्यालय गएका | विद्यालय नगएका | सामान्य ले खपढ गर्ने | कक्षा ५ उत्तीर्ण गर्ने | कक्षा ८ उत्तीण गर्ने | एस.एल.सी. र सो भन्दा माथि | निरक्षर | | |
| | | | | | | | | | | म. | पु. | ज. |
| १ | १ | ११२ | ५९८ | १५९ | १२० | ९२ | ४२ | १७ | १० | १४४ | ४८ | १६२ |
| २ | २ | ८४ | ४८८ | १२७ | ३८ | ८१ | ३७ | ३८ | ३३ | ७४ | २६ | १०० |
| ३ | ३ | ६१ | ३९६ | ८५ | ७ | ९० | ६४ | १५ | ६ | ४४ | १० | ७२ |
| ४ | ४ | ९२ | ४९१ | १२९ | ६७ | ८० | ६६ | १९ | १४ | ६२ | १० | ७२ |
| ५ | ५ | १२० | ७०४ | १८४ | ८ | ६१ | ६६ | ६२ | ८० | ११६ | ३० | १४६ |
| ६ | ६ | ७८ | ५०४ | १३३ | २४ | ८५ | ६८ | ३७ | १७ | ८६ | २८ | ११४ |
| ७ | ७ | ८१ | ४६१ | १४७ | ९ | ७८ | ५८ | २५ | १७ | ४७ | २७ | ७४ |
| ८ | ८ | ६४ | ४२९ | १३८ | ३ | ९१ | २४ | २४ | २९ | ३५ | १० | ४५ |
| ९ | ९ | ११६ | ६५९ | १८८ | ५ | १२३ | ६५ | ३४ | ३२ | ९३ | २९ | १२२ |
| जम्मा | | ८०८ | ४७३० | १२९० | २८१ | ७८१ | ४९० | २७१ | २३८ | ६७१ | २१८ | ८८९ |

## अनुसूची २

## प्र.अ.का लागि तयार अन्तर्वार्ता प्रश्नावली

उत्तरदाताको नामथरः ..............................................................................

विद्यालयको नामः ......................................................................................

१. तपाईको विद्यालयमा शिक्षक निर्देशिकाहरु उपलब्ध छन् ?

..............................................................................................

२. यदि सबै विषयका उपलब्ध छैनन् भने किन नभएका हुन् ?

..............................................................................................

३. शिक्षक निर्देशिका कहाँबाट र कसरी प्राप्त गर्नुहुन्छ ?

..............................................................................................

४. उपलब्ध भएका शिक्षक निर्देशिका विषय शिक्षकलाई जिम्मा दिनुभएको छ ?

..............................................................................................

५. शिक्षक निर्देशिका निशुल्क प्राप्त गर्नुहुन्छ कि किनेर ल्याउनु हुन्छ ?

..............................................................................................

६. विषय शिक्षकले शिक्षक निर्देशिका अनुसार शिक्षण गर्नुहुन्छ ?

..............................................................................................

७. शिक्षककहरुको कक्षा शिक्षण अवलोकन गर्नुहुन्छ ?

..............................................................................................

८. शिक्षक निर्देशिका अनुसार पाठयोजनाका आधारमा शिक्षकहरुले पढाएको पाउनु भएको छ ?

..............................................................................................

९. शिक्षक निर्देशिकाको प्रयोग कमहुनुका कारणहरु के के हुन् ?

..............................................................................................

१०. तपाइँले शिक्षक निर्देशिकाको आवश्यकता कत्तिको मान्नु हुन्छ ?

..............................................................................................

११. यस क्षेत्रको ठाउँ विशेष अनुसार सान्दर्भिक हुने गरी सामाजिक विषयको शिक्षक निर्देशिकाले के कस्ता कुराहरुलाई निर्दिष्ट गर्नुपर्ने हुन्छ ?

..............................................................................................

..............................................................................................

१२. शिक्षक निर्देशिको प्रभावकारीता र स्थानीय सान्दर्भिकता सम्बन्धी केही सुझाव दिनुहुन्छ कि ?

..............................................................................................

..............................................................................................

..............................................................................................

## अनुसूची ३

### शिक्षकहरुका लागि तयार पारिएका प्रश्नावली

शिक्षकको व्यक्तिगत विवरण

शिक्षकको नामथर : 				लिङ्ग

ठेगाना : 				पढाउने विषय :

योग्यता : 				अनुभव

विषयसँग सम्बन्धित प्रश्नहरु

१. तपाइँको विद्यालयमा शिक्षक निर्देशिका  पलब्ध छन् वा छैनन् ?

..........................................................................................................

२. यदि शिक्षक निर्देशिका विद्यालयमा उपलब्ध छन् भने सबै विषयका पर्याप्त छन् ?

..........................................................................................................

३. यदि छैनन भने किन प्राप्त नभएका होलान् ?  तपाइँको विषयको शिक्षक निर्देशिका प्राप्त गर्नु भएको छ वा छैन ?

..........................................................................................................

४. यदि छ भने शिक्षक निर्देशिका कसरी र कहाँबाट प्राप्त गर्नुभएको हो ?

..........................................................................................................

५. शिक्षक निर्देशिका उपलब्ध गराउनुमा ककसको भूमिका र जिम्मेवारी ठान्नु भएको छ ?

..........................................................................................................

६. शिक्षक निर्देशिका भए नभएकोमा केही फरक हुन्छ ?

..........................................................................................................

७. तपाइँले शिक्षक निर्देशिका समयमै पाउनु भएको छ वा छैन ?

..........................................................................................................

८. शिक्षक निर्देशिका उपलब्ध गराउनुमा तपाइँले पहल गर्नुभयो वा भएन ?

..........................................................................................................

९. विद्यालयमा उपलब्ध भएका शिक्षक निर्देशिकालाई तपाइँले प्रयोग गर्नुभएको छ ?

..........................................................................................................

१०. यदि प्रंयोग गरेको भए शिक्षक निर्देशिका अनुसार पाठयोजना तयार गरी शिक्षण गर्नुहुन्छ ?

..........................................................................................................

११. शिक्षक निर्देशिकाले निर्दिष्ट गरेअनुसार शिक्षण गर्नुभएको छ ?

..........................................................................................................

१२. शिक्षक निर्दशिकाले स्थानीय परिवेश अनुसारका विषयवस्तुलाई समेटेको छ वा छैन ?

..........................................................................................................

१३. शिक्षक निर्देशिकाले नसमेटेका विषयवस्तुलाई तपाइँले कसरी शिक्षण गर्नुहुन्छ ?

..........................................................................................................

१४. शिक्षक निर्देशकाको स्थानीय सान्दभिकता सम्बन्धी केही सुझाव दिनुहुन्छ कि ?

..........................................................................................................

# अनुसूची ४

## विद्यार्थीहरुका लागि तयार गरिएको समूह छलफल निर्देशिका सामूहिक छलफलमा सहभागिता विद्यार्थीहरुको नामावली

१. २ ३ ४

५ ६

१. सामाजिक शिक्षा तिमीलाई मन पर्ने विषय हो वा होइन ?

क) मनपर्ने ........... ख) मननपर्ने ............. ग

२. यदि यो विषय मन पर्दैन भने किन मन पर्दैन ?

..........................................................................................

३. सामाजिक शिक्षा विषय शिक्षक सरले पढाएको बुझ्छौकि बुझ्दैनौ, यदि बुझिँदैन भने किन ?

क) बुझ्ने ........... ख) नबुझ्ने ............. ग) मध्यम .................

४. सामाजिक विषय पढाउँदा शैक्षिक सामग्रीको प्रयोग गर्नुहुन्छ कि हुँदैन ?

क) प्रयोग गर्ने ....ख) प्रयोग नगर्ने ....... ग) कहिलेकाँही प्रयोग गर्ने .................

५. सामाजिक विषयमा भएका क्रियाकलापहरु सरले गराउनुहुन्छ कि हुँदैन ?

क) सरले गराउने ........... ख) आफै गर्ने .............

६. तिमीहरुले सामाजिक विषयमा पढेका कुराहरु स्थानीय परिवेश सँग मिल्ने खालका छन कि छैनन् ?

क) मेल खाने छन् ........... ख) पुरै मलखाने छैनन् .............

७. तिम्रो सामाजिकशिक्षा पुस्तकमा तपाइँको समुदायमा भन्ने खण्डमा विषयवस्तुसँग सम्बन्धित कुराहरुको समुदायमा गएर खोज गरी प्रतिवेदन तयार पार्ने भनेको छ, त्यो कार्य गर्दछौ कि गर्दैनौ ?

..........................................................................................

८. तिम्रो सामाजिक सरले यस्ता ती क्रियाकलापहरुको प्रतिवेदन तथा योजना तयार पारी ल्याउनु भन्नु हुन्छ कि हुँदैन ?

..........................................................................................

९. तिमीहरुले पढने सामाजिक विषय तिम्रो र तिम्रो समुदायको जीवन पद्दतिसँग मेल खाने व्यवहारिक ज्ञान सिकाउने खालको छ कि छैन ?

..........................................................................................

# अनुसूची ५

## कक्षा शिक्षण तथा विद्यालय अवलोकन फाराम

विद्यालयको नाम: मिति:

विद्यालयको ठेगाना : समय:

शिक्षकको नाम: घण्टी :

कक्षा: विद्यार्थी संख्या :

विषय :

एकाइ:

पाठ :

| क.सं. | कक्षा अवलोकन बुँदा | धेरै राम्रो | राम्रो | सामान्य | न्यून | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिक्षकको प्रस्तुतीकरण | | | | | |
| २ | पाठयोजनको तयारी | | | | | |
| ३ | शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ४ | शैक्षिक सामग्रीको प्रयोग | | | | | |
| ५ | शिक्षक निर्देशिकको तयारी | | | | | |
| ६ | विषयवस्तुको ज्ञान | | | | | |
| ७ | कक्षाकोठाको सजावट | | | | | |
| ८ | शिक्षक निर्देशिकाका व्यवस्थापन | | | | | |
| ९ | विद्यार्थीको बसाइ व्यवस्थापन | | | | | |
| १० | विद्यार्थीको मूल्याङ्कन | | | | | |